# साप्ताहिक मिडिया अध्ययनको संक्षिप्त स्वरूप भाग-६४

# Overview of Weekly Media Study Vol. 64


**नेपाल संवाद केन्द्र**

काठमाडौं, नेपाल

इमेल : nepalsamwadkendra@gmail.com


**PDF पढ्नका लागि QR Scan गर्नुहोस**

मिति : २०८२ चैत्र २९, आइतबार

नेपाल संवाद केन्द्रद्वारा प्रस्तुत यो साप्ताहिक मिडिया अध्ययन प्रतिवेदन **२०८२ साल चैत्र २३ गतेदेखि चैत्र २९ गतेसम्म** प्रमुख राष्ट्रिय दैनिक पत्रपत्रिका, अनलाइन, प्रिन्ट तथा टेलिभिजन माध्यममा प्रकाशित तथा प्रसारित समाचार, विचार, विश्लेषण तथा लेखहरूको गहन अध्ययनपश्चात् तयार गरिएको हो । यस प्रतिवेदनमा उक्त अवधिमा प्रकाशित सकारात्मक, पठनीय तथा रचनात्मक सामग्रीहरू समेटिएका छन् ।

यस अवधिमा नेपालका मिडियाले– सांस्कृतिक पुनर्जागरण : मौलिक जगमा समृद्धिको सपना; सुजनले चौथोपटक जिब्रो छेड्ने; लिम्बू समुदायका समाधिस्थल संकटमा, परम्परा हराउने जोखिम; भक्तपुरमा बिस्का जात्रा ( तस्वीरहरू); बिस्का जात्राको पूर्व सन्ध्यामा तःमारी धिमे नृत्य; हायू भाषा-संस्कृति जोगाउने चुनौती; मनिकदहमा दहमा मन्दिर निर्माण सम्पन्न; धार्मिक पर्यटकीयस्थल मालिका जोड्ने सडकमार्ग खुल्यो; चैत २५ गतेदेखि कोशी पर्यटन महोत्सव आयोजना हुँदै; पर्यटनमा 'रिफर्म' आवश्यक, सरकार फेरिएसँगै शैली फेरिनुपर्छः पर्यटन मन्त्री पौडेल; रौतामाई-त्रियुगा पर्यटन महोत्सव हुने; पर्यटन क्षेत्रको उद्धारमा हुने अनियमितता रोक्न सरकारले 'जिरो टोलरेन्स' नीति लिने; पर्यटकको बसाइँ लम्ब्याउन गजेन्द्रमोक्ष धामको प्रवर्द्धन; पूर्वाधारका पर्खाइमा सोवाङधुरी : हिमाल र सूर्येदय हेर्न आकर्षकस्थल लगायतका विषयहरू समेटिएका छन् ।

अन्तरदेशीय, कूटनीतिक, लोकतान्त्रिक तथा सामाजिक समाचारतर्फ– भारतीय संसद्मा बालेन सरकारको 'माफी' चर्चा; प्रधानमन्त्रीको भारत भ्रमणबारे सैद्धान्तिक सहमति, मिति तय हुन बाँकी; प्रधानमन्त्री शाहलाई भारतीय समकक्षी मोदीको निम्तो; एनआरएनएमा जिम्मेवारी बाँडफाँट : विभागको नेतृत्व तोकियो (सूचीसहित); सरकारले फिर्ता बोलायो ६ देशका राजदूत; राजनीतिक कोटाबाट नियुक्त भएका ६ देशका राजदूतलाई फिर्ता बोलाइयो तथा परिवर्तनपछि कर्मचारीको कार्यसंस्कृति; 'थर फेर्न पाउने अधिकार नैसर्गिक र मौलिक'; प्रधानमन्त्री बालेन र रास्वपालाई दलितको प्रश्न : माफीको राजनीति कि ऐतिहासिक न्याय ?; दलितसँग माफी माग्ने बालेन सरकारको ऐतिहासिक निर्णय; 'नेपाल कुनै शक्तिको पक्षमा होइन, आफ्नै बाटोमा हिँड्नुपर्छ'; सांस्कृतिक मिश्रणमा जिरेल; जलवायु संकट समाधानका लागि सबै क्षेत्रको सहकार्य अपरिहार्य : मन्त्री चौधरी; दुई दिने सार्वजनिक बिदाको तेस्रो प्रयास कति प्रभावकारी होला ?; दुईदिने बिदाका अवसर; राजनीतिको परिवर्तित भाष्य; एक्काइसौं शताब्दीको अदृश्य रणभूमि : मोबाइल र बिजुलीको चीम नै जासूस ?; सरकारले हतारमा निर्णय नगरोस् : संविधानविद् अधिकारी; जनसरोकारका क्षेत्रमा चासो; रोशी खोलाको स्थलगत निरीक्षण गर्दै गृहमन्त्री गुरुङ; सञ्चार मन्त्रालयको दश बुँदे सुधारात्मक कार्ययोजना स्वीकृत; स्मार्ट लाइसेन्स अब एकै दिनमा छापिने; फेवाताल अतिक्रमण : जलारी समुदायमा उठिबास हुने डर; सञ्चार मन्त्रालयको दसबुँदे सुधारात्मक कार्ययोजना स्वीकृत; नेपाललाई 'ग्रे लिस्ट' बाट बाहिर ल्याउनु जरुरी : अर्थमन्त्री; 'डिजिटल स्पेस' लोकतन्त्रको विस्तारित आयाम हो, संकुचित नहोस्; वैदेशिक रोजगार विभागमा बिचौलिया निषेध; बिचौलियाविहीन बन्दै कार्यालय; त्रिवि शिक्षण अस्पतालमा पनि शनिबार र आइतबार बिदा; पुनर्संरचनाको ऐतिहासिक मोडमा विश्वविद्यालय; चुनौती र अवसरको दोसाँधमा बालेन सरकार; अल्मलिएका कम्युनिस्ट अब हिंड्नुपर्ने बाटो; 'लोकतन्त्र, प्रेस स्वतन्त्रता, संघीयता र नागरिकको सूचना पाउने अधिकारमाथि प्रत्यक्ष हस्तक्षेप'; २०८२ मा कसरी 'ध्वस्त' भए मधेसवादी दल ?; युवा नेतृत्वसँगका आशा र अवसर; आशाको दियो; लगायतका विषयहरू समेटिएका छन् ।

यस साप्ताहिक मिडिया अध्ययन प्रतिवेदनमा समेटिएका विषयवस्तुहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समसामयिक, सान्दर्भिक तथा रणनीतिक मुद्दाहरूको स्पष्ट, तथ्यपरक तथा व्यवस्थित परिदृश्य प्रस्तुत गरेका छन् । यो प्रतिवेदन अनुसन्धानकर्ता, नीतिनिर्माता, पाठक तथा सञ्चारकर्मीहरूका लागि उपयोगी सन्दर्भ सामग्री बन्ने विश्वास लिइएको छ ।

**Date: 2082 Chaitra 29 , Sunday**

## Weekly Media Study Summary– Part 64

This weekly media monitoring report presented by Nepal Samwad Kendra, has been prepared after an in-depth study of news, opinions, analyses and articles published and broadcasted in major national daily newspapers, online platforms, print and television media from **Chaitra 23 to Chaitra 29, 2082.** The report includes positive, readable and constructive content published during this period.

During this period, Nepali media covered topics like – *"Cultural revival: the dream of prosperity on an indigenous foundation; Sujan piercing his tongue for the fourth time; burial sites of the Limbu community in crisis, With traditions at risk of disappearing; Biska Jatra in Bhaktapur (photos); Tahmari Dhime dance on the eve of Biska Jatra; Challenges in preserving the Hayu language and culture; Completion of temple construction at Manikdaha; Road connectivity opened linking the religious tourist site Malika; Koshi Tourism Festival to be held from Chaitra 25; Need for reform in tourism; Tourism Minister Paudel-With changes in government requiring a change in style; Rautamai–Triyuga Tourism Festival to be organized; Government to adopt a 'zero tolerance' policy to curb irregularities in the revival of the tourism sector; Promotion of Gajendramoksha Dham to extend tourists' stay; Sovangdhuri awaiting infrastructure as an attractive destination for viewing mountains and sunrise"* among others.

In terms of international, diplomatic, democratic and social news included topics such as : *"Discussion in the Indian Parliament regarding an 'apology' by the Balen government; Principled agreement on the Prime Minister's visit to India, with dates yet to be fixed; Invitation from Indian Prime Minister Modi to Prime Minister Shah; Distribution of responsibilities within NRNA, with departmental leadership assigned (with list); Government recalling ambassadors from six countries; Recall of ambassadors appointed under political quotas and changes in work culture after the transition; 'The right to change one's* surname *is natural and fundamental'; Question from Dalits to Prime Minister Balen and Rastriya Swatantra Party: Politics of apology or historical justice?; Historic decision by the Balen government to apologize to Dalits; 'Nepal should not align with any power but move on its own path'; Jirel identity within cultural blending; Cooperation from all sectors essential to address climate crisis, says Minister Chaudhary; How effective will the third attempt at a two-day public holiday be?; Opportunities of a two-day holiday; Changing narrative of politics; The invisible battlefield of the 21st century: Are mobile phones and electricity lines acting as spies?; Government should not make hasty decisions, says constitutional expert Adhikari; Concern for public interest sectors; Historic decision of the Balen government to apologize to Dalits; Home Minister Gurung conducting on-site inspection of Roshi River; Approval of a ten-point reform action plan by the Ministry of Communication; Smart licenses to be printed within a single day; Encroachment of Phewa Lake raising fears of displacement among the Jalari community; Approval of the ten-point reform plan by the Ministry of Communication; Necessity of removing Nepal from the 'grey list,' says the Finance Minister; 'Digital space' as an expanded dimension of democracy should not be restricted; Ban on middlemen in the Department of Foreign Employment; Offices becoming intermediary-free; weekend holidays introduced at Tribhuvan University Teaching Hospital; Universities at a historic turning point of restructuring; The Balen government at a crossroads of challenges and opportunities; Confused communists and the path they must take; 'direct interference in democracy, press freedom, federalism, and citizens' right to information'; How Madhes-based parties 'collapsed' in 2082; Hopes and opportunities with youth leadership; the light of hope*" among others.

The subjects included in this weekly media monitoring report presents a clear, factual, and well-structured overview of national and international contemporary, relevant, and strategic issues. It is believed that this report will serve as a useful reference material for researchers, policymakers, readers, and media professionals.

## २०८२ चैत्र २३ गतेदेखि चैत्र २९ गते आइतबारसम्मका पत्रपत्रिकामा प्रकाशित समाचार, विचार, लेख र विश्लेषणको संक्षिप्त रिपोर्ट सबै Links को साथमा

### सांस्कृतिक पुनर्जागरण : मौलिक जगमा समृद्धिको सपना

जब हाम्रा बिर्सिएका प्राचीन गढी र किल्लाहरू भग्नावशेषबाट ब्युँतिएर विश्वका पर्यटकका लागि ज्ञान र कौतूहलको गन्तव्य बन्नेछन्, तब मात्र हाम्रो पहिचानले पूर्णता पाउनेछ । हाम्रो देश भुगोल मात्र नभएर हजारौं वर्षदेखि निरन्तर विकसित भइरहेको एउटा जीवित सभ्यता हो । उत्तरमा हिमालयको काखदेखि दक्षिणको समथर तराईसम्म फैलिएको हाम्रो विविधतापूर्ण भूगोलमा फरक-फरक जीवनशैली, चिन्तन र संस्कृति जीवित छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1903281/cultural-renaissance-the-dream-of-prosperity-on-a-fundamental-basis**

### सुजनले चौथोपटक जिब्रो छेड्ने

मध्यपुरथिमि नगरपालिका बोडेमा हरेक नयाँ वर्षको वैशाख २ गते मनाइने प्रसिद्ध 'जिब्रो छेड्ने जात्रा'मा यस वर्ष चौथोपटक बोडेका २९ वर्षीय सुजन बाग श्रेष्ठले जिब्रो छेडाएर जात्रालाई निरन्तरता दिने भएको छ । नवौंपटक जिब्रो छेडाएर जात्रालाई निरन्तरता दिँदै आएका बोडेका ५१ वर्षीय बुद्धकृष्ण बाग श्रेष्ठका कान्छा छोरा सुजनले तीन वर्ष अगाडि जिब्रो छेडाएर पुस्तान्तरण गरेका थिए र यस वर्ष पनि आफैँले जिब्रो छेडेर जात्रा मनाउने बताए । बाँकी... स्रोत : **https://www.ratopati.com/story/555164/sujan-gets-her-tongue-pierced-for-the-fourth-time**

### लिम्बू समुदायका समाधिस्थल संकटमा, परम्परा हराउने जोखिम

नेपालमा बसोबास गर्ने विभिन्न जातजातिहरूका आफ्नै भाषा, कला, संस्कार र संस्कृति रहेका छन् । त्यस्तै, पूर्वी नेपालमा बसोबास गर्ने लिम्बू समुदायको पनि विशिष्ट परम्परा र जीवनशैली छ । जन्मदेखि मृत्युसम्म आफ्नै मौलिक संस्कार पालना गर्ने यस समुदायमा मृत्युपश्चातको संस्कार झनै महत्वपूर्ण मानिन्छ । लिम्बू समुदायमा कसैको मृत्यु भएमा निश्चित समाधिस्थलमा अन्त्येष्टि गर्ने परम्परा रहँदै आएको छ । नेपालमा भूमिसुधार लागू हुनुअघि किपट प्रथामा रहेका लिम्बूहरूले आफ्ना आफन्तको मृत्युपछि सामूहिक समाधिस्थलमै चिहान बनाएर अन्त्येष्टि गर्ने गरेका छन । बाँकी...
स्रोत : **https://www.onlinekhabar.com/2026/04/1905887/limbu-communitys-burial-grounds-in-crisis-tradition-at-risk-of-loss**

### भक्तपुरमा बिस्का जात्रा (तस्वीरहरू)

बिस्का जात्राको पूर्वसन्ध्यामा भक्तपुरमा आज विशेष साँस्कृतिक कार्यक्रम आयोजना गरिएको छ । पाँचतले मन्दिर ( तःमारी ) परिसरमा मा श्री नाःस हैः मा बाजँ समूहको आयोजनामा विशेष सांस्कृतिक कार्यक्रम प्रदर्शन गरिएको हो । कार्यक्रममा नेवारी समुदायले संयुक्त रूपमा धिमे बाजासहित नृत्य प्रदर्शन गरेका थिए । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1908259/biska-jatra-in-bhaktapur-photos**

## बिस्का जात्राको पूर्व सन्ध्यामा तःमारी धिमे नृत्य

बिस्का जात्राको पूर्व सन्ध्यामा तःमारी क्षेत्रमा भव्य धिमे नृत्य प्रस्तुत गरिएको छ। नयाँ वर्षसँग जोडिएको ऐतिहासिक र सांस्कृतिक महत्व बोकेको बिस्का जात्राको अवसरमा आयोजना गरिएको उक्त कार्यक्रममा स्थानीय बासिन्दा, युवापुस्ता तथा आन्तरिक पर्यटकहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/200511**

## हायू भाषा-संस्कृति जोगाउने चुनौती

लोपोन्मुख जाति भन्नेबित्तिकै राउटे, चेपाङ, वनकरिया, झाँगड, सतार झट्ट सम्झिन्छ। ती समुदायबारे बारम्बार आउने समाचार र डकुमेन्ट्रीले आममानिसमा उनीहरूबारे थेर-थोर सुन्न, बुझ्न र चिन्न सजिलो हुनु स्वाभाविकै हो। लोपोन्मुख जाति हायू समुदायबारे भने अहिले पनि थाहा पाउनेको सङ्ख्या नगन्यै मान्नुपर्ने अवस्था छ। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/200681**

## मनिकदहमा दहमा मन्दिर निर्माण सम्पन्न

लहान नगरपालिका वडा २४ मा रहेको सहलहेस धार्मिक पर्यटकीय स्थल मानिकदहमा डिहवारमन्दिर निर्माण कार्य सम्पन्न भएको छ। गाउँलेको रक्षाको लागि तराइ मधेशमा हरेक गाउँको सीमाभित्र डिहवार मन्दिर रहेको छ। डिहवारको पूजा गाउँलेहरुले चन्दा उठाएर असार १ गते गर्ने चलन परापूर्वकालदेखि चल्दै आइरहेको छ। पर्यटकीय स्थलसम्म जान सरे खोलामा पुल निर्माणको कार्य समेत अन्तिम चरणमा पुगेकोले पर्यटकीय स्थलमा बाह्रै महिना पर्यटकीय आइरहने स्थानीयहरुले बताएका छन्।
बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/200838**

## धार्मिक पर्यटकीयस्थल मालिका जोड्ने सडकमार्ग खुल्यो

म्याग्दीको प्रमुख धार्मिक पर्यटकीयस्थल मालिका धुरी तीनतर्फबाट सडक सञ्जालमा जोडिएको छ। समुद्री सतहदेखि तीन हजार ४०० मिटर उचाइमा रहेको मालिका मालिका र रघुगङ्गा गाउँपालिकाको सिमानामा अवस्थित छ। मङ्गला गाउँपालिका-२ हिदीदेखि मालिकाको फेदीमा रहेको जुगेदेउराली जोड्ने सडकको मार्ग खुलेपछि यातायातको साधन प्रयोग गरेर मालिका जाने भक्तजन र पर्यटकका लागि तेस्रो विकल्प बनेको हो। बाँकी... स्रोत : **https://nagariknews.nagariknetwork.com/social-affairs/road-connecting-religious-tourist-site-malika-opens-96-84.html**

## चैत २५ गतेदेखि कोशी पर्यटन महोत्सव आयोजना हुँदै

कोशी प्रदेश भ्रमण वर्ष-२०८२ को अवसरमा सुनसरीको वराहक्षेत्रमा 'कोशी पर्यटन महोत्सव' आयोजना हुने भएको छ। कोशी प्रदेश सरकारको सहयोगमा सञ्चालन हुने महोत्सव यही चैत २५ गतेदेखि २७ गतेसम्म हुने सोमबार आयोजित पत्रकार सम्मेलनमार्फत जानकारी दिइएको हो। सप्तकोशी नदी किनारलाई प्रमुख पर्यटकीय गन्तव्यका रूपमा प्रवर्द्धन गर्नुका साथै स्थानीय धार्मिक तथा सांस्कृतिक सम्पदाको प्रचारप्रसार र लोपोन्मुख कला संस्कृतिको संरक्षण गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको अध्यक्ष अङ्गत राईले जानकारी दिए। बाँकी...

स्रोत : **https://www.ratopati.com/story/555365/koshi-tourism-festival-to-be-held-from-chaitra-25**

## पर्यटनमा 'रिफर्म' आवश्यक, सरकार फेरिएसँगै शैली फेरिनुपर्छः पर्यटन मन्त्री पौडेल

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्गराज पौडेल 'गनेस'ले सरकार परिवर्तनसँगै कार्यशैली पनि रूपान्तरण गर्नुपर्ने बताएका छन् । नेपाल पर्यटन बोर्डमा मन्त्री पौडेललाई गरिएको स्वागत कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री पौडेलले पर्यटन क्षेत्रको गुणस्तर अभिवृद्धि, नवप्रवर्द्धन र दिगो योजनामार्फत नेपाललाई विश्व बजारमा प्रतिस्पर्धी बनाउने सबैको प्रतिबद्धता आवश्यक रहेको बताएका छन् ।बाँकी... स्रोत : **https://bittiyapost.com/news/2026/04/06/23207**

## रौतामाई-त्रियुगा पर्यटन महोत्सव हुने

उदयपुरको प्राकृतिक, धार्मिक र सांस्कृतिक धरोहरका रूपमा रहेको रौतापोखरी क्षेत्रमा 'प्रथम रौतामाई-त्रियुगा पर्यटन महोत्सव' हुने भएको छ। 'कला, संस्कार र संस्कृतिको उत्थान तथा पर्यटन प्रवर्धन' भन्ने आदर्श वाक्यसहित रौता क्षेत्रको सांस्कृतिक र धार्मिक महत्वलाई राष्ट्रव्यापी बनाउने उद्देश्यले पहिलोपल्ट महोत्सवको आयोजना गरिएको आयोजक समितिले जनाएको छ। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/200226**

## पर्यटन क्षेत्रको उद्धारमा हुने अनियमितता रोक्न सरकारले 'जिरो टोलरेन्स' नीति लिने

नेपालको पर्वतारोहण तथा पदयात्रा क्षेत्रमा हुने हेलिकप्टर उद्धारमा देखिएका भनिएका अनियमितता र बिमा ठगीका घटनालाई रोक्न सरकारले कडा कदम चाल्ने घोषणा गरेको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सोमबार एक विज्ञप्ति जारी गर्दै पर्यटन क्षेत्रमा देखिएका यस्ता चुनौतीहरूलाई सम्बोधन गर्न 'जिरो टोलरेन्स' (शून्य सहनशीलता) को नीति अपनाउने स्पष्ट पारेको हो ।बाँकी...

स्रोत : **https://www.ratopati.com/story/555278/government-to-adopt-zero-tolerance-policy-to-prevent-irregularities-in-tourism-sector-rescue**

## पर्यटकको बसाइँ लम्ब्याउन गजेन्द्रमोक्ष धामको प्रवर्द्धन

नवलपुरमा रहेको गजेन्द्रमोक्ष धामलाई पर्यटकीय गन्तव्यका रूपमा उजागर गर्न पोखराका महिला पर्यटन व्यवसायी सक्रिय भएका छन् । विनयी त्रिवेणी नगरपालिका-६ मा अवस्थित यस धामलाई प्राकृतिक सौन्दर्य, धार्मिक आस्था र ऐतिहासिक किंवदन्तीको त्रिवेणीका रूपमा स्थापित गरी पर्यटकको बसाइ लम्ब्याउन उनीहरू सक्रिय भएका हुन् । बाँकी... स्रोत : **https://www.setopati.com/social/386310**

## प्राकृतिक सुन्दरताले भरिपूर्ण तीन सिमाना पर्यटकको पर्खाइमा (तस्वीरहरू)

तीन सिमाना / फालोट क्षेत्रलाई हिउँले छपक्क छोपेको दिन । चौँरी हिउँमाथि यताउता गर्दै थिए । उनीहरूको चरन हिउँले छोपिएको छ । गुराँसका पोथ्राले हिउँकै सिरक ओडेका छन् । हिउँ परेपछि यहाँ घुम्न आएकाहरू खुसी देखिन्थे । यीमध्ये एक थिए भारतको सिक्किमका अनरुप लेप्चा । छोराछोरालाई लिएर घुम्न आएका उनले आफ्नो अनुभव सुनाउँदै भने, 'म चारपल्ट यहाँ आएँ । यो पल्ट हिउँ पर्दाको फरक अनुभूति गर्न पाए ।' यो क्षेत्रमा चैतको अन्तिममा हिउँ परेको नौलो कुरा भएको स्थानीयको भनाइ थियो । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1909478/three-borders-full-of-natural-beauty-await-tourists-photos**

## पूर्वाधारका पर्खाइमा सोवाङधुरी : हिमाल र सूर्येदय हेर्न आकर्षकस्थल

म्याग्दीको रघुगङ्गा गाउँपालिका-७ मा रहेको सोवाङधुरी पर्यटक र पूर्वाधारका पर्खाइमा छ । समुन्द्रि सतहदेखि तीन हजार ९४० मिटर उचाइमा रहेको सोवाङ धुरी जोड्ने व्यवस्थित पदमार्गको अभाव छ । प्रशस्त सम्भावना भएपनि पूर्वाधार र प्रचारप्रसारको कमीले सोवाङधुरी ओझेलमा परेको चिमखोलाका बासिन्दा तारा गर्बुजा पुनले बताइन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1909112/sobangdhuri-awaits-infrastructure-an-attractive-place-to-view-the-mountains-and-sunrise**

## भारतीय संसद्मा बालेन सरकारको 'माफी' चर्चा

नेपालको इतिहासमा सम्भवत् पहिलो पटक राज्यले नै दलित तथा ऐतिहासिक रूपमा सीमान्तकृत समुदायहरूप्रति औपचारिक माफी माग्ने तयारी गरेको छ । नवनिर्वाचित प्रधानमन्त्री बालेन शाहको नेतृत्वमा गठित सरकारले मन्त्रिपरिषद्को पहिलो बैठकबाट १०० बुँदे शासन सुधार एजेन्डा पारित गर्दै १५ दिनभित्र माफी माग्ने घोषणा गरेको हो । माफीसँगै सामाजिक न्याय, समावेशी पुनर्स्थापना तथा ऐतिहासिक मेलमिलापका लागि विशेष सुधार कार्यक्रमहरू लागू गरिने बताइएको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1906166/discussion-of-balen-governments-apology-in-indian-parliament**

## प्रधानमन्त्रीको भारत भ्रमणबारे सैद्धान्तिक सहमति, मिति तय हुन बाँकी

प्रधानमन्त्री बालेन्द्र शाहले भारत भ्रमण गर्नेबारे दुई देशबीच सैद्धान्तिक सहमति भए पनि भ्रमण भने केही समयपछि मात्रै हुने भएको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले प्रधानमन्त्रीमा शाह निर्वाचित भएपछि दिएको बधाईपत्रमा भारत भ्रमणको निम्तो पनि गरेका थिए । त्यसको जवाफ फर्काउँदा नै प्रधानमन्त्री शाहले आफू 'उचित समयमा भारतको भ्रमण गर्ने' उल्लेख गरिएको परराष्ट्रमन्त्री शिशिर खनालले अनलाइनखबरलाई बताए । उनका अनुसार, भारतीय विदेशमन्त्री एस जयशंकरसँगको वार्तामा पनि प्रधानमन्त्रीको भारत भ्रमणबारे सैद्धान्तिक सहमति भएको थियो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1909414/agreement-in-principle-on-prime-ministers-visit-to-india-date-yet-to-be-decided**

## प्रधानमन्त्री शाहलाई भारतीय समकक्षी मोदीको निम्तो

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले प्रधानमन्त्री वालेन्द्र शाहलाई भारत भ्रमणको निम्तो दिएका छन्। परराष्ट्रमन्त्री शिशिर खनालले प्रधानमन्त्री शाहले १३ चैतमा पदभार ग्रहण गरेलगत्तै मोदीले बधाई सन्देशमार्फत निम्तो दिएको बताएका छन्। मोरिससमा रहेका मन्त्री खनालले भारतीय सञ्चारमाध्यम वीअनसँग कुराकानी गर्दैर् मोदीले निमन्त्रणा गरेको र त्यसलाई प्रधानमन्त्री शाहले स्वीकार गरिसकेको खुलाएका हुन्। मोरिससबाट कान्तिपुरसँग कुरा गर्दै खनालले भ्रमणलाई परिणाममुखी बनाउन गृहकार्य भइरहेको समेत बताए। बाँकी... स्रोत : **https://ekantipur.com/politics/2026/04/12/pm-shah-receives-invitation-from-indian-counterpart-modi-21-43.html**

## एनआरएनएमा जिम्मेवारी बाँडफाँट : विभागको नेतृत्व तोकियो (सूचीसहित)

गैरआवासीय नेपाली संघ (एनआरएनए) को २०२५-२०२७ कार्यकालका लागि विभिन्न विभागहरूको जिम्मेवारी बाँडफाँट गरिएको छ । संघको संस्थागत सुधार र कार्यसम्पादनलाई प्रभावकारी बनाउन ११ वटा मुख्य विभाग र त्यस मातहतका समितिहरूको नेतृत्व चयन गरिएको हो । संघले सार्वजनिक गरेको कार्यविभाजन अनुसार 'फ्ल्यागसिप प्रोजेक्ट तथा रिब्रान्डिङ' विभागको प्रमुखमा अध्यक्ष डा. हेमराज शर्मालाई जिम्मेवारी दिइएको छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/554889/distribution-of-responsibilities-in-nrna-department-leadership-appointed-with-list**

## सरकारले फिर्ता बोलायो ६ देशका राजदूत

सरकारले भारतसहित ६ देशका राजदूतलाई फिर्ता बोलाएको छ । मन्त्रिपरिषद्को निर्णयअनुसार उनीहरूलाई फिर्ता बोलाएको परराष्ट्र मन्त्रालय स्रोतले जनाएको छ । फिर्ता बोलाइएको राजदूतहरूमा भारतका लागि नेपाली राजदूत डा॰ शङ्करप्रसाद शर्मा,दक्षिण कोरियाका लागि डा. शिवमाया तुम्बाहाम्फे ,अस्ट्रेलियाका लागि चित्रलेखा यादव,श्रीलङ्काका डा॰ पूर्णबहादुर नेपाली, डेनमार्कका लागि सुम्निमा तुलाधर र दक्षिण अफ्रिकाका लागि कपिल श्रेष्ठ रहेका छन् । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/555385/the-government-recalled-the-ambassadors-of-6-countries**

## परिवर्तनपछि कर्मचारीको कार्यसंस्कृति

मुलुकमा सुशासन र समृद्धिको स्तर कमजोर देखिनुमा प्रशासन जिम्मेवार भएको आरोप लाग्दै आएको छ । अघिल्लो संसद् र समितिहरूमा राजनीतिक तवरबाट प्रशासनविरुद्ध थुप्रै आरोप लगाइएका थिए । इमानदार र क्षमतामा कमजोरहरू अक्सर अरूलाई आरोप लगाउँछन्, क्षमतावान् र इमानदारहरू आफैँबाट सुरुआत गर्छन् । प्रशासनिक प्रणालीलाई आफूअनुकूल उपयोग गर्दै आएका राजनीतिकर्मीले हिजोका दिनमा प्रशासनबारे तीखा आलोचना गरे । पछिल्लो संसदीय निर्वाचनपछि पनि केही राजनीतिकर्मीले आफ्नो पराजयको कारण प्रशासन नै हो भन्ने किसिमको अभिव्यक्ति दिइरहेका छन् । बाँकी...

स्रोत:**https://nepalnews.com/2026/04/07/%e0%a4%aa%e0%a4%b0%e0%a4%bf%e0%a4%b5%e0%a4%b0%e0%a5%8d%e0%a4%a4%e0%**

## 'थर फेर्न पाउने अधिकार नैसर्गिक र मौलिक'

सर्वोच्च अदालतले अपमानित महसुस गराउने थर परिवर्तन गर्न पाउने वा थर छनौट गर्न पाउने अधिकार नैसर्गिक र मौलिक अधिकार भएको व्याख्या गरेको छ । न्यायाधीशद्वय सपना प्रधान मल्ल र टेकप्रसाद ढुंगानाको संयुक्त इजलासले अपमानजनक र भेदभावजन्य महसुस हुने थर परिवर्तन गरी सम्मानजनक थर राख्न  सकिने व्याख्या गरेको हो । 'नागरिकलाई मानसिक कैद र सामाजिक तिरस्कारको प्रतीक बनेको थर बोक्न बाध्य पार्नु आधुनिक न्यायशास्त्र र मानव अधिकारका सिद्धान्तहरूको विपरीत हुन जान्छ,' फैसलामा भनिएको छ, । बाँकी... स्रोत : **https://annapurnapost.com/story/497477/**

## प्रधानमन्त्री बालेन र रास्वपालाई दलितको प्रश्न : माफीको राजनीति कि ऐतिहासिक न्याय ?

प्रधानमन्त्री बालेन शाह र रास्वपा सभापति रवि लामिछानेले टाउको झुकाएर मागेको माफीले भोलि दलित समुदायलाई शिर ठाडो पारेर बाँच्ने वातावरण बनाओस् । शब्दको जालो र दराजमा थन्किएका फैसलाहरूबाट बाहिर निस्किएर अब न्यायको ग्यारेन्टीतिर लाग्ने समय आएको छ । जनताले अभूतपूर्व बहुमत दिएर गरेको आशा साँचो रूपमा पूरा गरियोस् । किनकि, आशा र आँसुको बीचमा बाँचेकाहरूका लागि अब न्याय नै एकमात्र मल्हम हो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1905923/dalit-question-to-prime-minister-balen-and-the-rashtriya-swayamsevak-sangh-rss-politics-of-forgiveness-or-historical-justice**

## दलितसँग माफी माग्ने बालेन सरकारको ऐतिहासिक निर्णय

माफीको वास्तविक अर्थ व्यवहारमा देखिनुपर्छ । दलित समुदायले न्याय, सम्मान र समान अवसरको अनुभूति गर्ने दिन नै यस निर्णयको वास्तविक सफलता हुनेछ । रास्वपा अर्थात् बालेन शाह नेतृत्वको करिब दुईतिहाइ सरकारमा मधेशी तथा दलित समुदायको संसद्मा सहभागिता शून्य रहेको आरोप लागिरहेको बेला 'शासकीय सुधारका १०० कार्यसूची'को बुँदा ५ मा दलित समुदायसँग १५ दिनभित्र औपचारिक रूपमै माफी माग्ने र सुधारका कार्यक्रम सार्वजनिक गर्ने निर्णयले व्यापक चर्चा पाएको छ । यतिसम्म कि विश्वका विभिन्न देशमा समेत यसको बहस भइरहेको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1905977/balen-governments-historic-decision-to-apologize-to-dalits**

## हर्क साम्पाङ भन्छन्, 'नैतिकताको सवाल खडा भयो, पत्रकार सम्मेलन राखिहाल्नुस्'

श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले गृहमन्त्री सुधन गुरुङलाई फेवातालको जग्गा प्रकरणमा प्रश्न उठाएका छन् । उनले सामाजिक सञ्जाल फेसबुकमार्फत एक लामो पोस्ट लेख्दै गृहमन्त्री गुरुङको नाममा फेवातालमा २० रोपनी जग्गा रहेको खबरले आफूलाई 'नमज्जा' लागेको उल्लेख गर्दै यस विषयमा पत्रकार सम्मेलन गरी सत्यतथ्य बाहिर ल्याउन आग्रह गरेका छन् । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/555143/hark-sampang-says-ethics-have-been-raised-hold-a-press-conference**

## 'नेपाल कुनै शक्तिको पक्षमा होइन, आफ्नै बाटोमा हिँड्नुपर्छ'

भोजपुरबाट प्रतिनिधिसभामा निर्वाचित श्रम संस्कृति पार्टीका सांसद ध्रुवराज राईका निम्ति निर्वाचन आफैंमा रोमाञ्चक रह्यो। कुनै बेलाका आफ्नै दलका नेता एवं कोसी प्रदेशका पूर्वमुख्यमन्त्री शेरधन राईमाथि विजय निकाल्नु आफैंमा देशव्यापी चर्चाको विषय बन्यो । नागरिक फ्रन्टलाइनको बुधबारको शृंखलामा राईले प्रधान सम्पादक गुणराज लुइँटेलसँग निर्वाचन, संसद्मा खेल्ने भूमिका र भावी रणनीतिबारे चर्चा गरेका छन् । प्रस्तुत छ, संवादको सम्पादित अंश । बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/interview/nepal-should-not-side-with-any-power-it-should-walk-its-own-path-44-13.html**

## सांस्कृतिक मिश्रणमा जिरेल

दोलखा जिल्लाको जिरी र जुगु क्षेत्रमा रहेका जिरेल जातिको नामकरण स्थान विशेषको नामबाट 'जिरेलु भएको हुन सक्ने विश्वास गरिन्छ। जिरीसाथै सिन्धुपाल्चोक, सिन्धुली, रामेछाप, चितवन, मकवानपुरतिर पनि पातलो सङ्ख्यामा जिरेलहरू बस्छन्। यिनीहरू आफूलाई जिर्वारजिरिपा भन्दछन्। कतिपयले यिनीहरूलाई किराँत जातिकै एक हाँगो भनेका छन् भने कतिपयले यिनीहरूलाई उत्पत्तिस्थल, भाषा, संस्कृति, शारीरिक बनोट आदिका कारण एक छुट्टै जाति मान्दछन्। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/63579**

## विमल गुरुङ कृति पुरस्कारका लागि २१ कृति सार्वजनिक

कवि विमल गुरुङ स्मृति पुस्तकालयले २०७९ सालको प्रकाशित कृतिहरुमध्ये उत्कृष्ट एक कृतिलाई दुई लाख नगद राशी, ताम्रपत्र र दोसल्लाले सम्मान गरिने भएको छ। कवि विमल गुरुङ स्मृति पुस्तकालयको ५२ औं जन्मजयन्ती र राष्ट्रिय कविता महोत्सव २०८० को अवसरमा २०७९ मा प्रकाशित कृतीमध्ये उत्कृष्ट कृतिलाइ दुई लाख रुपियाँ राशीको 'विमल गुरुङ कृति पुरस्कार २०७९' र उत्कृष्ट तीन कवितालाई प्रथम, दोस्रो, तेस्रो गरी क्रमशः २१ हजार रुपियाँ, १८ हजार रुपियाँ र १७ हजार रुपियाँ र प्रमाणपत्र राष्ट्रिय कविता महोत्सव २०८० को अवसरमा प्रदान गरिने भएको छ। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/80084**

## १५औं महाधिवेशनबाट पार्टी नयाँ पुस्तालाई सुम्पिनुपर्छ : दिलेन्द्र बडू

नेपाली कांग्रेसका नेता दिलेन्द्रप्रसाद बडूले नेता-कार्यकर्ताहरूलाई १५औं महाधिवेशनमा सहभागी भई पार्टीलाई सुदृढ, पूर्णअनुशासित र एकताबद्ध बनाएर नयाँ पुस्तासम्मलाई सुम्पिने कार्यमा अघि बढ्न आग्रह गरेका छन्। उनले सोमबार सामाजिक सञ्जाल फेसबुकमा विज्ञप्ति जारी गरेर पार्टीले सार्वजनिक कार्यतालिकाअनुसार १५औं महाधिवेशनका लागि अघि बढ्न नेता-कार्यकर्ताहरूलाई आग्रह गरेका हुन्। बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1905951/the-party-should-be-handed-over-to-a-new-generation-from-the-15th-general-convention-dilendra-badu**

## जलवायु संकट समाधानका लागि सबै क्षेत्रको सहकार्य अपरिहार्य : मन्त्री चौधरी

कृषि तथा पशुपंक्षी विकास, वन तथा वातावरण मन्त्री गीता चौधरीले जलवायु परिवर्तन वातावरणीय समस्या मात्र नभएर आर्थिक र सामाजिक संकटको रूपमा देखापरेको बताएकी छन्। यो संकट समाधानका लागि सबै क्षेत्रको सहकार्य अपरिहार्य रहेको उनको भनाइ छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1905946/cooperation-from-all-sectors-is-essential-to-solve-the-climate-crisis-minister-chaudhary**

## दुई दिने सार्वजनिक बिदाको तेस्रो प्रयास कति प्रभावकारी होला ?

अमेरिका-इरानयुद्ध र त्यसबाट सिर्जिन इन्धन संकटको अवस्थामा सरकारले दुई दिन सार्वजनिक बिदाको घोषणा गरेको छ । हप्ताको छ दिनको साटो पाँच दिन कार्यालय खुल्ने तर अवधि भने लम्ब्याउने रणनीतिका साथ सरकारले आज (सोमबारदेखि) नै लागू हुने गरी कार्यालय समय परिवर्तन र सार्वजनिक बिदाको घोषणा गरेको हो । सरकारका प्रवक्ता एवं शिक्षामन्त्री सस्मित पोखरेलका अनुसार, शैक्षिक संस्थाबाहेक अरुका हकमा उक्त कार्यालय समय लागू हुनेछ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1905900/how-effective-will-the-third-attempt-at-a-two-day-public-holiday-be**

## उद्योग वाणिज्य महासंघ कोशीको अध्यक्षमा राउत निर्वाचित

नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशको अध्यक्षमा राजेन्द्र राउत पुनः निर्वाचित भएका छन् । अर्का प्रत्यासी नवीन रिजाललाई पराजित गर्दै राउत दोस्रो कार्यकालका लागि निर्वाचित भएका हुन् । विराटनगरमा आइतबार राति सम्पन्न महासंघको ८औं प्रदेशसभाबाट अध्यक्षका प्रतिस्पर्धी नवीन रिजाललाई राउतले ८४ मतान्तरले पराजित गरेका हुन् । राउतले १४२ मत प्राप्त प्राप्त गर्दा रिजाल ५८ मत पाए । तीन वर्षअघि झापामा भएको निर्वाचनमा राउत अध्यक्षमा निर्विरोध निर्वाचित भएका थिए । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1905902/raut-elected-as-president-of-federation-of-nepalese-chambers-of-commerce-and-industry-koshi**

## राजनीतिको परिवर्तित भाष्य

व्यवस्थापिकामा देखा परेको बलियो संख्यात्मक आकारले पुस्तान्तरणको बहसलाई केही सार्थक बनाउन भूमिका खेलेको छ । तर, पुस्तान्तरणसँगै सहकार्य र समन्वयको संस्कृति निर्माण गर्न सक्दा मात्रै राज्य प्रणालीले स्थायित्व प्राप्त गर्न सक्दछ । राजनीति नीति, नेतृत्व, अवसर, पहुँच, दलहरू बीचको प्रतिस्पर्धा र राज्यको संरचनागत सम्बन्धको समुच्च रूप हो । हामीकहाँ लामो समयसम्म राजनीतिलाई बुझ्ने मुख्य भाष्य दलको प्रभाव र दलीय संगठनहरूको निर्माणमा रह्यो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1905489/the-changing-narrative-of-politics**

## अर्थमन्त्रीले भने : सेयर बजारमा आतंकित पार्ने काम भयो, आत्तिनु पर्दैन

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले सेयर बजारलाई अनावश्यक आतंकित पार्ने काम भएको स्पष्ट पारेका छन् । आर्थिक पत्रकार समाज (सेजन)का पदाधिकारीसँग भएको भेटवार्ताका क्रममा वाग्लेले बजारमा अनावश्यक त्रास फैलाउने काम भइरहेको भन्दै नआत्तिन आग्रह गरे । सरकारले लगानीकर्तामाथि कुनै कारबाही गर्ने उद्देश्य नराखेको स्पष्ट पार्दै उनले अनैतिक कार्य गर्नेलाई मात्रै कानुनबमोजिम नै कारबाही हुने बताए । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1906150/finance-minister-says-there-is-no-need-to-panic-as-panic-has-been-created-in-the-stock-market**

## एक्काइसौं शताब्दीको अदृश्य रणभूमि : मोबाइल र बिजुलीको चीम नै जासूस ?

डिजिटल युद्धको यो भुमरीमा आफ्नो मोबाइल र कम्प्युटरलाई सुरक्षित राख्नु भनेको केवल पासवर्ड लगाउनु मात्र होइन, बरु यसका भित्री सेटिङहरूलाई जासुसी विरुद्ध मजबुत पार्नु हो । आधुनिक विश्वमा युद्धको परिभाषा पूर्ण रूपमा बदलिएको छ । पहिलेका युद्धहरू सिमानामा सेनाको उपस्थिति, ट्याङ्करहरूको गर्जन र आकाशमा लडाकु विमानहरूको उडानबाट चिनिन्थे । तर आजको समयमा, सबैभन्दा भयानक युद्धहरू कुनै आवाज विना, हाम्रो खल्तीमा रहेको मोबाइल फोन, घरको भित्तामा झुण्डिएको स्मार्ट टिभी र सडकमा गुड्ने गाडीका सेन्सरहरू मार्फत लडिंदै छन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1906119/the-invisible-battlefield-of-the-21st-century-are-mobile-phones-and-electric-chimes-spies**

## फेवाताल जग्गा प्रकरणमा ठगिएँ, अदालत जान्छु : गृहमन्त्री सुधन गुरुङ

गृहमन्त्री सुधन गुरुङले फेवातालको जग्गामा आफू नै ठगिएको दाबी सहित न्यायका लागि अदालत जाने बताएका छन् । फेवातालको किनारमा 'एड्भेन्चर स्पोर्ट्स नेपाल' सुरु गर्नका लागि मन्त्री गुरुङ सहित तीन जनाले जग्गा लिजमा लिएका थिए । उक्त जग्गा फेवातालको मापदण्ड बाहिर रहेको भनेर आफूलाई झुक्याएर लिजमा दिइएको उनले बताएका छन् । फेवाताल अतिक्रमित गरिएको जग्गा स्वयं गृहमन्त्रीले लिजमा लिएको भेटिएपछि उनी विवादमा तानिएका छन् । फेवाताल अतिक्रमित गरेर बनाइएका संरचनामा पोखरा महानगरले भत्काउन थालेपछि मन्त्री गुरुङले स्पष्टीकरण दिएका छन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1905991/if-cheated-in-fewa-lake-land-case-i-will-go-to-court-home-minister-sudhan-gurung**

## सरकारले हतारमा निर्णय नगरोस् : संविधानविद् अधिकारी

संविधानविद् विपिन अधिकारीले वर्तमान सरकार दुई तिहाइ नजिकको बहुमत र जनउत्तेजनाको लहरमा सवार भए पनि यसको कार्यशैलीमा 'स्वेच्छाचारिता' हाबी हुने खतरा देखिएको बताएका छन् । उनले परिणाममुखी कामका नाममा कानुनी प्रक्रिया मिच्ने, शक्ति पृथकीकरणको सिद्धान्त कमजोर बनाउने र 'पब्लिक प्रेसर'का आधारमा अनुसन्धान अघि बढाउने प्रवृत्तिले लोकतन्त्रको आधार कमजोर पार्न सक्ने चेतावनी दिएका छन् । न्युज एजेन्सी नेपालसँगको अन्तर्वार्तामा अधिकारीले अंकगणितीय बहुमतले मात्र शासकीय वैधता नदिने उल्लेख गर्दै संवैधानिक मर्यादा र नियन्त्रणविहीन शक्ति प्रयोग भए वर्तमान सरकार पनि विगतकै गल्ती दोहोर्‍याउने जोखिममा पर्ने बताए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1905965/government-should-not-make-hasty-decisions-constitutional-expert**

## जलवायु संकट समाधानका लागि सबै क्षेत्रको सहकार्य अपरिहार्य : मन्त्री चौधरी

कृषि तथा पशुपंक्षी विकास, वन तथा वातावरण मन्त्री गीता चौधरीले जलवायु परिवर्तन वातावरणीय समस्या मात्र नभएर आर्थिक र सामाजिक संकटको रूपमा देखापरेको बताएकी छन् । यो संकट समाधानका लागि सबै क्षेत्रको सहकार्य अपरिहार्य रहेको उनको भनाइ छ । काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै मन्त्री चौधरीले हिमनदी पग्लिने, बेमौसमी वर्षा, बाढीपहिरो र खडेरीजस्ता समस्याले जनजीवन र विकास प्रक्रियामा गम्भीर अवरोध सिर्जना गरेको बताइन् । 'जलवायु परिवर्तन केवल वातावरणीय समस्या मात्र होइन । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1905946/cooperation-from-all-sectors-is-essential-to-solve-the-climate-crisis-minister-chaudhary**

## तीन महिनाभित्र प्रदेश सरकारलाई ७ मन्त्रालयमा सीमित गर्ने प्रस्ताव

नेपालमा संघीयता कार्यान्वयन भएको एक दशक पुग्न लाग्दा पनि प्रदेश सरकारहरूले आफ्नो राजनीतिक स्वत्व स्थापित गर्न नसकेको र ८० देखि ९० प्रतिशतसम्म वित्तीय भारका लागि संघकै मुख ताक्नुपर्ने अवस्था कायमै छ । गत पुस १४ गते तत्कालीन प्रधानमन्त्री सुशीला कार्कीले गठन गरेको सुशासन मार्गचित्र समितिले दिएको सुशासनको मार्गचित्र सम्बन्धी प्रतिवेदनले प्रदेश सरकारको सबलीकरणका लागि मन्त्रालयको सङ्ख्या कटौतीदेखि डिजिटल प्रदेश निर्माणको कार्ययोजना अघि सारेको छ ।बाँकी...
स्रोत : **https://www.ratopati.com/story/555179/proposal-to-limit-provincial-government-to-7-ministries-within-three-months**

## रोवा गाउँमा अस्थायी प्रहरी पोस्ट स्थापना

मुगुको छायाँनाथ रारा नगरपालिका-११ रोवा गाउँमा अस्थायी प्रहरी पोस्ट स्थापना गरिएको छ । जिल्ला प्रहरी कार्यालय मुगुले दुर्गम ठाउँमा रहेको उक्त गाउँ आसपासका बस्तीलाई मध्यनजर गरी अस्थायी प्रहरी पोस्टको स्थापना गरेको हो । तत्कालका लागि एकजना प्रहरी वरिष्ठ हवलदार वीर बहादुर ताम्राकारसहित चारजना प्रहरी जवान सिपाही रहने गरी अस्थायी प्रहरी पोस्टको स्थापना गरिएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक रविराज थपलियाले बताए । बाँकी...
स्रोत : **https://newsofnepal.com/2026/04/06/762687/**

## सय बुँदेमा छुटेको विषय

गत भदौ २३-२४ को जेनजी आन्दोलनको म्यान्डेट अनुसार समयमै निर्वाचन सम्पन्न भयो । निर्वाचनपछि राष्ट्रिय स्वतन्त्र पार्टी लगभग दुई तिहाइ बहुमतसहित विजयी भयो र सरकार गठन पनि गऱ्यो । भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने मूल अभिभारा बोकेको वर्तमान सरकारबाट नेपाली जनताले धेरै ठुलो अपेक्षा राखेका छन् । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/199877**

## जनसरोकारका क्षेत्रमा चासो

जेनजी आन्दोलनका कारण फागुन २१ गते भएको विशेष निर्वाचनबाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले झन्डै दुई तिहाइ सिटमा विजय हासिल गऱ्यो । यो विजयपछि रास्वपा पहिलो मन्त्रीपरिषद् बैठकबाट नै सरकारका सयबुँदे कार्यसूची ल्याइएको छ । नयाँ सरकार गठन भएको १० दिन मात्र भएको छ । सरकारले देशको ओज उँचो राख्ने आशा यतिखेर सबैले गरेका छन् । सरकारका थुप्रै नवीन कार्यक्रम आउलान्, जसले देशको मुहार फेरिएला । सरकारले विभिन्न क्षेत्रमा केकस्ता काम गर्नु उचित होला, यसबारे यहाँ चर्चा गर्ने प्रयास गरिएको छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/199874**

## महानगरव्यापी अन्तर वडा चेस प्रारम्भ

काठमाडौं महानगरपालिका वडा नं. २२ को आयोजनामा भएको दोस्रो शहीद सुरज शाक्य स्मृति महानगरव्यापी अन्तर वडा चेस प्रतियोगिताको पहिलो दिन तीन चरण सम्पन्न भएको छ । सङ्कटा मन्दिरको प्राङगणमा भएको प्रतियोगितामा आइतबार दुई खुल्ला तथा अनिवार्य एक महिला र एक यु-१६ का खेलाडीको टिमसहित हरेक वडाले प्रतिस्पर्धा गरिरहेका छन् । पहिलो दिन आयोजक वडा नं २२ को टिम ए र वडा नं ११ सर्वाधिक ६-६ अङ्क बनाएर संयुक्त अग्रस्थानमा रहे । बाँकी...
स्रोत : **https://newsofnepal.com/2026/04/05/762639/**

## सभामुखमा डीपी, नयाँ मानक स्थापित गर्ने चुनौती

रास्वपाका नेता एवं अर्थमन्त्री स्वर्णिम वाग्लेले विगतका ३ जना सभामुखको नाम लिए-कृष्णप्रसाद भट्टराई, दमननाथ ढुंगाना र सुवास नेम्बाङ । संसदीय इतिहासमा यी ३ जना सभामुखले आआफ्नै मानक स्थापित गरेका छन् । पहिलो सभामुख कृष्णप्रसाद भट्टराई, सादगी । दमननाथ प्रभावकारी र सुवास समन्वयकारी । इतिहासका ३ फरक-फरक कालखण्डमा यी ३ जना सभामुखले महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । त्यसैकारण सबैले सम्झिने पात्र बने । बाँकी... स्रोत : **https://annapurnapost.com/story/497474/**

## मध्यपूर्व तनाव कम गर्न मध्यस्थताका लागि चीन इच्छुक

चीनका उच्च कूटनीतिज्ञले आइतबार आफ्ना रुसी समकक्षीलाई मध्यपूर्वमा जारी द्वन्द्वका कारण देखिएको 'तनाव न्यूनीकरण' गर्न आफू मिलेर काम गर्न इच्छुक रहेको बताएका छन् । चिनियाँ विदेशमन्त्री वाङ यीले रुसी विदेशमन्त्री सेर्गेइ लाभरोभलाई फोन गरेर 'चीन र रुस'ले अन्तर्राष्ट्रिय प्रमुख सिद्धान्तका विषयमा निष्पक्षता कायम गर्नुपर्ने बताएको चिनियाँ सरकारी समाचार संस्था सिन्ह्वा न्यूज एजेन्सीले आफ्नो समाचारमा उल्लेख गरेको छ । बाँकी... स्रोत : **https://khabarhub.com/2026/05/951571/**

## राजनीतिक कोटाबाट नियुक्त भएका ६ देशका राजदूतलाई फिर्ता बोलाइयो

सरकाले राजनीतिक कोटाबाट नियुक्ति पाएका ६ देशका राजदूतहरुलाई फिर्ता बोलाएको छ । केपी ओली सरकारले नियुक्ति गरेका भारत, अस्ट्रेलिया, श्रीलंका, साउथ कोरिया, डेनमार्क, र साउथ अफ्रिकाका राजदूतहरुलाई फिर्ता बोलाइएको हो । ओली सरकारले ३४ वटा मिसनहरु मध्ये १७ मा राजनीतिक कोटाबाट नियुक्त गरेको थियो । सुशीला कार्की नेतृत्वको सरकारले गत कात्तिकमा राजनीतिक कोटाबाट नियुक्ति पाएका ११ देशका राजदूतहरुलाई फिर्ता बोलाउँदा ६ देशका राजदूतहरु फिर्ता बोलाइएका थिएनन् । बाँकी... स्रोत : **https://ekantipur.com/politics/2026/04/07/ambassadors-of-6-countries-appointed-through-political-quotas-recalled-19-41.html**

## दलितसँग माफी माग्ने बालेन सरकारको ऐतिहासिक निर्णय

माफीको वास्तविक अर्थ व्यवहारमा देखिनुपर्छ । दलित समुदायले न्याय, सम्मान र समान अवसरको अनुभूति गर्ने दिन नै यस निर्णयको वास्तविक सफलता हुनेछ रास्वपा अर्थात् बालेन शाह नेतृत्वको करिब दुईतिहाइ सरकारमा मधेशी तथा दलित समुदायको संसद्मा सहभागिता शून्य रहेको आरोप लागिरहेको बेला 'शासकीय सुधारका १०० कार्यसूची'को बुँदा ५ मा दलित समुदायसँग १५ दिनभित्र औपचारिक रूपमै माफी माग्ने र सुधारका कार्यक्रम सार्वजनिक गर्ने निर्णयले व्यापक चर्चा पाएको छ । बाँकी...
स्रोत : **https://www.onlinekhabar.com/2026/04/1905977/balen-governments-historic-decision-to-apologize-to-dalits**

## रोशी खोलाको स्थलगत निरीक्षण गर्दै गृहमन्त्री गुरुङ

गृहमन्त्री सुधन गुरुङ काभ्रेको रोशी खोलाको स्थलगत निरीक्षणमा जाने भएका छन् । वर्षायाममा हरेक वर्ष आउने बाढीका कारण स्थानीयवासीले भोग्दै आएका समस्याबारे निरन्तर गुनासो आएपछि आज गुरुङले उक्त क्षेत्रको प्रत्यक्ष अवलोकन गर्न लागेका हुन् ।बाँकी...

स्रोत : **https://www.ratopati.com/story/555375/home-minister-gurung-inspects-roshi-river-on-site**

## सञ्चार मन्त्रालयको दश बुँदे सुधारात्मक कार्ययोजना स्वीकृत

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले नतिजामा आधारित शासकीय व्यवस्थापन प्रणाली कार्यान्वयनलाई प्रभावकारी बनाउने उद्देश्यले १० वटा प्रमुख सुधारात्मक कार्यक्रमसहितको विस्तृत कार्ययोजना स्वीकृत गरेको छ । नेपाल सरकार मन्त्रिपरिषद् बैठकको यही चैत १३ गतेको निर्णयअनुसार सार्वजनिक सेवा प्रवाहलाई नागरिकमैत्री, छरितो, पारदर्शी र प्रविधिमैत्री बनाउने लक्ष्यसहित मन्त्रालयले विषय क्षेत्रअनुसार प्रमुख कार्य, कार्यसम्पादन सूचक, समयसीमा तथा जिम्मेवार अधिकारी तोकी कार्ययोजना कार्यान्वयनमा ल्याएको मन्त्रालयका प्रवक्ता उदयबहादुर रानामगरले जानकारी दिए । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/555338/ministry-of-communications-ten-point-corrective-action-plan-approved**

## स्मार्ट लाइसेन्स अब एकै दिनमा छापिने

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले यातायात व्यवस्था विभागबाट विवरण प्राप्त भएको २४ घण्टाभित्रै स्मार्ट लाइसेन्स छापेर विभागलाई हस्तान्तरण गर्ने व्यवस्था सुरु गरेको छ। मन्त्रालयले आफूमातहतको सुरक्षण मुद्रण केन्द्रको अत्याधुनिक छपाइ मेसिनमार्फत एकै दिनमा सवारीचालक अनुमतिपत्र छपाइ गरी हस्तान्तरण गर्ने व्यवस्था सुरु गरेको बताएको हो। मन्त्रालयले नतिजामा आधारित शासकीय व्यवस्थापन प्रणाली कार्यान्वयनलाई प्रभावकारी बनाउने उद्देश्यले १० वटा प्रमुख सुधारात्मक कार्यक्रमसहितको विस्तृत कार्ययोजना स्वीकृत गरेको छ। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/192270/2026-04-07**

## फिर्ता बोलाइए दलीय भागबन्डामा नियुक्त ६ राजदूत

सरकारले राजनीतिक पृष्ठभूमिका आधारमा नियुक्त छिमेकी भारतसहित ६ देशमा कार्यरत राजदूत फिर्ता गर्ने निर्णय गरेको छ। मन्त्रिपरिषद् बैठकले आइतबार गरेको यससम्बन्धी निर्णय सम्बन्धित राजदूतावासलाई परराष्ट्र मन्त्रालयले सोमबार चिठी लेखेर जानकारी गराएको छ। राजदूतहरूलाई सोमबारदेखि लागू हुने गरी एक महिनाभित्र फिर्ता हुन भनिएको छ। परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले ६ जना राजदूत फिर्ता गर्ने सरकारी निर्णयको पुष्टि गरे। 'उहाँहरूलाई फिर्ता गर्ने निर्णय भएको छ,' प्रवक्ता क्षेत्रीले नयाँ पत्रिकासँग भने। उनले थप जानकारी दिन अस्वीकार गरे। बाँकी... स्रोत : **https://www.nayapatrikadaily.com/news-details/192262/2026-04-07**

## भर्ना शुल्क एक महिनाको फी र वार्षिक शुल्क दुई महिनाको फीभन्दा बढी लिन नपाउने मापदण्डमा कडाइ

हरेक नयाँ शैक्षिक सत्र सुरु हुने वेला आमअभिभावकको एउटै गुनासो सुनिन्छ- स्कुलले अनेक शीर्षकमा अत्यधिक शुल्क तोकेर मर्कामा पार्‍यो। तर, यसपालि भने दुईतिहाइनजिकको रास्वपा सरकारले भर्नालगायत शीर्षकमा मनपरी शुल्क उठाउन निजी विद्यालयलाई अंकुश लगाउने कदम चालेको छ। शिक्षा मन्त्रालयले संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिकामा रहेका व्यवस्था सम्झाउँदै निर्देशिकामा तोकिएबाहेक शीर्षकमा र तोकिएकै शीर्षकमा पनि बढी शुल्क लिएमा कारबाही गर्न पालिकाहरूलाई सूचित गरेको हो। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/192261/2026-04-07**

## फेवातालको ६५ मिटर मापदण्डभित्रको जग्गाको वस्तुस्थिति पत्ता लगाउन समिति

सरकारले रामसार सूचीमा सूचीकृत पोखरास्थित फेवातालको ६५ मिटर मापदण्डभित्रको जग्गाको वस्तुस्थिति पत्ता लगाउन समिति गठन गरेको छ। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री प्रतिभा रावलले सोमबार गठन गरेको भूमि व्यवस्था तथा अभिलेख विभागका महानिर्देशक शिवप्रसाद रेग्मीको संयोजकत्वको पाँचसदस्यीय समितिलाई एक साताको समय तोकिएको छ। शनिबार मात्र पोखरा महानगरपालिकाले अतिक्रमित संरचनामा डोजर लगाएको थियो। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/192260/2026-04-07**

## फेवाताल अतिक्रमण : जलारी समुदायमा उठिबास हुने डर

पोखरा महानगरपालिका खपौदीकी शान्ति जलारीको मन शनिबारदेखि निकै अशान्त छ। सदा झैँ शुक्रबारसम्म फेवातालमा माछा मार्न नसकेको सुर्ता थियो, शनिबार झिसमिसेदेखि थातथलोबाट उठिबास हुने चिन्ता थपियो। तालघरबाट ६५ मिटर मापदण्ड कायम गर्न शनिबार सो क्षेत्रमा बनेका संरचनामा महानगरपालिकाको डोजर चलेपछि फेवाताल किनारका विभिन्न ठाउँमा बस्ने जलारी समुदायको चैन हराएको छ। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/200049**

## सञ्चार मन्त्रालयको दसबुँदे सुधारात्मक कार्ययोजना स्वीकृत

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले नतिजामा आधारित शासकीय व्यवस्थापन प्रणाली कार्यान्वयनलाई प्रभावकारी बनाउने उद्देश्यले १० वटा प्रमुख सुधारात्मक कार्यक्रमसहितको विस्तृत कार्ययोजना स्वीकृत गरेको छ । नेपाल सरकार मन्त्रीपरिषद्को चैत १३ गतेको निर्णयानुसार सार्वजनिक सेवा प्रवाहलाई नागरिकमैत्री, छरितो, पारदर्शी र प्रविधिमैत्री बनाउने लक्ष्यसहित मन्त्रालयले विषय क्षेत्र अनुसार प्रमुख कार्य, कार्यसम्पादन सूचक, समयसीमा तथा जिम्मेवार अधिकारी तोकी कार्ययोजना कार्यान्वयनमा ल्याएको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका प्रवक्ता उदयबहादुर रानामगरले जानकारी दिनुभयो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/200012**

## निजामती विधेयक मसौदाको तयारी

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कर्मचारीलाई कडा अनुशासनमा बाँध्ने गरी सङ्घीय निजामती सेवा विधेयकको मसौदा तयारी गरिरहेको छ। साविक संसद्मा छलफल भई पारित हुने अन्तिम चरणमा पुगेको सङ्घीय निजामती सेवा विधेयकले कार्यसम्पादन मूल्याङ्कनमा, काम गर्ने र नगर्ने कर्मचारी समान रूपमा हेर्ने भएकाले आधुनिक सूचना प्रणाली अनुसार सक्षम निजामती प्रशासन बनाउने गरी विधेयक मसौदाको तयारी भइरहेको छ। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/200010**

## गृहमन्त्री गुरुङलाई हर्क साम्पाङको सुझाव : पोखराको जग्गाबारे प्रष्ट्याइदिनू

श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले गृहमन्त्री सुधन गुरूङलाई फेवातालको २० रोपनी जग्गाबारे प्रष्ट्याउन सुझाव दिएका छन् । फेवातालको २० रोपनी जग्गामा नाम मुछिएपछि उनले सामाजिक सञ्जाल फेसबुकमार्फत् गृहमन्त्री गुरूङलाई जग्गाबारे प्रष्ट्याउन सुझाव दिएका हुन् । 'खास कुरा के हो पत्रकार सम्मेलन राखिहाल्नुस्,' अध्यक्ष साम्पाङले भनेको छन्, 'नैतिकताको सवाल खडा भयो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1905934/hark-sampangs-suggestion-to-home-minister-gurung-clarify-the-land-issue-in-pokhara]**

## नेपाललाई 'ग्रे लिस्ट' बाट बाहिर ल्याउनु जरुरी : अर्थमन्त्री

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले नेपाललाई 'ग्रे' लिस्टबाट बाहिर ल्याउनु जरुरी रहेको भन्दै त्यसका लागि सुशासनका काम गर्नुपर्ने जनमत अनुसार सरकारले काम गर्ने बताउनुभएको छ । स्टक ब्रोकर्स एसोसिएसनको प्रतिनिधि मण्डलसँग सोमबार भएको भेटवार्तामा उहाँले केही अनुसन्धान पुरानै रहेको र अहिले अन्तिमतिर पुगेको जानकारी दिनुभयो । उहाँले अपराध गरेकालाई उन्मुक्ति नहुने हुँदैन तर व्यापारी व्यवसायीमाथि छानीछानी प्रतिशोध नहुने आश्वासन दिनुभयो । उहाँले सरकार निजी क्षेत्रमैत्री रहेको भन्ने आधार आफ्नो पहिलो निर्णय हेरे पनि थाहा भइहाल्ने बताउँदै रास्वपा र सरकार निजी क्षेत्रविरोधी नभएको स्पष्ट पार्नुभयो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/200017**

## आर्थिक कानुनमा सुधार

देशको अर्थतन्त्र एकलव्यको अभ्यास जस्तो भएको छ । जतातिर फर्कियो, त्यतै फर्किरहने । आव २०८१/८२ को दोस्रो चौमासिक भदौदेखि मङ्सिरको आर्थिक परिसूचक हेर्दा देशले जम्मा १२ खर्ब चानचुनको आयात गर्दा निर्यात केवल एक खर्बको मात्र भएको विवरण सार्वजनिक गरियो । यस पटकको चौमासिक र त्यसमा पनि गएको माघ महिनामा निर्यात थोरै बढेको छ। राष्ट्र आमनिर्वाचनमा होमियो । खास गरी सम्पन्न निर्वाचनमा आवश्यक सामग्री जस्तै गाडीलगायत विलाशी वस्तुको पनि ठुलै रकम र परिमाणमा आयात भएकाले निर्यातको अंश ह्वात्तै बढ्न गयो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/200031**

## चेपाङ बस्तीमा अझै अँध्यारो

नेपालले पछिल्ला वर्षमा 'डिजिटल नेपाल' को महत्वाकाङ्क्षी अवधारणा अघि सारेको छ । जसले देशलाई सूचना-प्रविधिमैत्री, सेवा-प्रवाहमा द्रुत र नागरिककेन्द्रित विकास गर्ने लक्ष्य राखेको छ । इन्टरनेट पहुँच विस्तार, ई गभर्नेन्स प्रणाली, डिजिटल शिक्षा र प्रविधिमार्फत रोजगारी र आर्थिक सशक्तीकरण जस्ता नारा अघि बढिरहेकै छन् । यी आकर्षक नाराको छायामा चितवनको राप्ती नगरपालिका-१३ अन्तर्गत पर्ने सान्थली, वासवाङ, गुम्दी, लोलिङ्गि र तापाङ जस्ता बस्ती परेका छन् । जहाँ इन्टरनेट त परको कुरा बिजुली र मोबाइल फोनसमेत लाग्न सम्भव छैन । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/200029**

## 'डिजिटल स्पेस' लोकतन्त्रको विस्तारित आयाम हो, संकुचित नहोस्

डिजिटल आक्रमण र हिंसामा परेका पीडितले न्याय पाउने सुनिश्चित हुनुपर्छ। त्यो भनेको पीडकमाथि तत्काल कारबाहीको संयन्त्र निर्माण गर्ने हो।  लोकतन्त्रको आधारभूत पक्ष अभिव्यक्ति स्वतन्त्रता पनि हो। सार्वजनिक सरोकारका विषयमा भद्रतापूर्वक आफ्ना विचार राख्न पाउने सुनिश्चितताले वैचारिक मन्थन गर्न सघाउँछ। त्यसक्रममा हुने स्वस्थ अन्तर्क्रियाले समाजलाई बौद्धिक पोषण प्रदान गर्छ। आजकाल लोकतन्त्र राजनीतिक अधिकार र प्रक्रियामा मात्रै सीमित छैन। बाँकी...

स्रोत : **https://ekantipur.com/opinion/2026/04/07/digital-space-is-an-expanded-dimension-of-democracy-not-a-narrower-one-33-31.html**

## वैदेशिक रोजगार विभागमा बिचौलिया निषेध

वैदेशिक रोजगार विभागले सेवा लिन आउने व्यक्ति तथा संस्थाका प्रतिनिधिले अनिवार्य रूपमा आधिकारिक परिचयपत्र देखाउनुपर्ने व्यवस्था लागु गरेको छ। विभागले जारी गरेको सूचनाअनुसार, विभागबाट इजाजत प्राप्त वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने संस्था तथा अभिमुखीकरण तालिम सञ्चालन गर्ने संस्थाका सञ्चालक वा प्रतिनिधिले सेवा लिन आउँदा सम्बन्धित संस्थाले प्रदान गरेको परिचयपत्र वा कानुनबमोजिमको व्यवसायी परिचयपत्र र अधिकारपत्र अनिवार्य रूपमा देखाउनुपर्नेछ।बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1906814/prohibition-of-middlemen-at-the-department-of-foreign-employment**

## बिचौलियाविहीन बन्दै कार्यालय

सरकारले काठमाडौं उपत्यकाभित्रका सेवाग्राहीको चाप हुने कार्यालय अनुगमन गरी बिचौलिया अन्त्य गर्ने कार्यलाई तीव्रता दिएसँगै ती कार्यालयबाट प्रदान गर्ने सेवा सहज र प्रभावकारी बन्दै गएका छन् । एक सातादेखि सरकारले उपत्यकाका मालपोत, नापी र यातायात कार्यालय अनुगमन गरी बिचौलिया पक्राउ गर्ने कार्यलाई तीव्रता दिएको छ । काठमाडौंका मालपोत, यातायात र नापी कार्यालयबाट बिचौलिया अन्त्य गरेसँगै अहिले सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयमा बिचौलिया निरुत्साहित बन्दै गएका छन् । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/200171**

## 'प्रवेश परीक्षा' को प्रभाव

नयाँ शैक्षिक वर्ष सुरु हुनै लाग्दा देशभरका विद्यालयले भर्ना अभियानलाई तीव्रता दिएका छन् । पत्रपत्रिका, रेडियो, टेलिभिजन र सामाजिक सञ्जालमार्फत विद्यालयका आकर्षक विज्ञापन व्यापक रूपमा प्रसारित भइरहेका छन् । उत्कृष्ट नतिजा, आधुनिक पूर्वाधार, दक्ष शिक्षक र अन्तर्राष्ट्रियस्तरको शिक्षाको आश्वासन दिँदै विद्यालयहरूले अभिभावक र विद्यार्थीलाई आकर्षित गर्न तीव्र प्रतिस्पर्धा गरिरहेका छन् । यो प्रतिस्पर्धा दिनानुदिन तीव्र बन्दै गएको छ, जसले अभिभावकमा पनि आफ्ना सन्तानलाई 'उत्तम' विद्यालयमा पढाउने होड सिर्जना गरेको छ तर प्रश्न उठ्छ- के यही परिवेशमा सबै बालबालिकाले समान रूपमा विद्यालयमा पहुँच पाएका छन् ? बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/200201**

## आर्थिक अधिकार

विधायिका राज्यका प्रमुख अङ्गमध्ये एक हो, जसले कानुन बनाउने कार्य गर्छ । विधायिकालाई विधायिकी सभा पनि भनिन्छ, जसको नामबाट नै त्यसको कार्य कानुन बनाउने निकायको रूपमा चिनिन्छ । जनतामा अन्तरनिहित सार्वभौमसत्तालाई प्रतिविम्बित गर्ने र प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा त्यसको अभ्यास गर्ने हुनाले राज्यका तीन प्रमुख अङ्गमध्ये व्यवस्थापिकालाई सर्वाधिक महत्वपूर्ण अङ्गको रूपमा लिइन्छ । यही कारण लोकतन्त्रका हिमायती शक्तिशाली विधायिका वा व्यवस्थापिकाको पक्षमा रहन्छन् । बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/200204**

## 'प्रवेश परीक्षा' को प्रभाव

नयाँ शैक्षिक वर्ष सुरु हुनै लाग्दा देशभरका विद्यालयले भर्ना अभियानलाई तीव्रता दिएका छन् । पत्रपत्रिका, रेडियो, टेलिभिजन र सामाजिक सञ्जालमार्फत विद्यालयका आकर्षक विज्ञापन व्यापक रूपमा प्रसारित भइरहेका छन् । उत्कृष्ट नतिजा, आधुनिक पूर्वाधार, दक्ष शिक्षक र अन्तर्राष्ट्रियस्तरको शिक्षाको आश्वासन दिँदै विद्यालयहरूले अभिभावक र विद्यार्थीलाई आकर्षित गर्न तीव्र प्रतिस्पर्धा गरिरहेका छन् । यो प्रतिस्पर्धा दिनानुदिन तीव्र बन्दै गएको छ, जसले अभिभावकमा पनि आफ्ना सन्तानलाई 'उत्तम' विद्यालयमा पढाउने होड सिर्जना गरेको छ तर प्रश्न उठ्छ- के यही परिवेशमा सबै बालबालिकाले समान रूपमा विद्यालयमा पहुँच पाएका छन् ? बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/200201**

## प्रदीप अधिकारीको योजना : सुशीला सरकार ढाल्ने, आफैं पर्यटन मन्त्री बन्ने

नागरिक उड्डयन प्राधिकरण (क्यान)का महानिर्देशक (हाल निलम्बित भएर कारागारमा रहेका) प्रदीप अधिकारीले सुशील कार्की नेतृत्वको अन्तरिम सरकार ढालेर अर्को सरकार गठन गर्ने योजना बनाएको संवाद फेला परेको छ । कार्की सरकारले आफूहरूको काम नगर्ने भएकाले नयाँ सरकार बनाउने योजनासहित दुबई पुगेका अधिकारीले ह्वाट्स एप संवादमा यस्तो बताएको प्राविधिक अनुसन्धानबाट खुलेको छ ।सम्पत्ति शुद्धीकरण, ज्यान मार्ने उद्योग र संगठित अपराधमा अनुसन्धानमा रहेका अधिकारीले कार्की नेतृत्वको सरकार ढालेपछि गठन हुने नयाँ सरकारमा आफू पर्यटन मन्त्री बन्नेसमेत बताएको संवादमा देखिन्छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1907621/pradeep-adhikaris-plan-topple-sushilas-government-become-tourism-minister-himself**

## २०८२ को सन्देश : दर्शक कथा मात्र होइन, अनुभव लिन हलमा जान्छन्

२०८२ सालले नेपाली फिल्मको दिशा, चुनौती र सम्भावनालाई एकैपटक सतहमा ल्याइदिएको छ। दर्शक संख्या, कमाइ, जनरा, लगानीको हिसाबले हेर्दा यसवर्ष संक्रमणको वर्षजस्तै देखियो । दर्शक हामीकहाँ छन्, तर उनीहरूलाई हलमा तान्ने कुरामा काम गर्न बाँकी देखिन्छ। यो अवधिमा 'परान', 'आबाट आमा', 'जेरी अन टप' र 'उनको स्वीटर' जस्ता फिल्मले १० करोडभन्दा माथिको व्यापार गरे । यी फिल्ममा स्टार कास्ट, प्रचार र रिलिज स्केल बलियो देखियो। लगानी मात्र होइन, उल्लेखनीय नाफा दिए। 'जारी २', 'बलिदान', 'मोहर' र 'हरिबहादुरको जुत्ता'ले ४ देखि ६ करोडको व्यापार गर्दै मिड-रेन्ज हिटको रूपमा आफूलाई स्थापित गरे। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1907209/message-of-2082-audiences-go-to-the-theater-for-an-experience-not-just-a-story**

## त्रिवि शिक्षण अस्पतालमा पनि शनिबार र आइतबार बिदा

त्रिभुवन विश्वविद्याल शिक्षण अस्पताल (टिचिङ अस्पताल) ले पनि शनिबार र आइतबार दुई दिन सार्वजनिक बिदा दिने भएको छ। सरकारलेसाताको दुई दिन बिदा दिर्ने निर्णय गरेसँग शिक्षण अस्पतालले पनि शनिबार  आइतबार दुई दिन नै बिदा दिने सूचना प्रकाशित गरेको हो । सरकारको निर्णय अनुसार त्रिवि कार्यकारीपरिषद्ले २३ चैत गते बिदा दिने निर्णय गरेपछि कार्यान्वयन गरिएको अस्पताल प्रशासनले जानकारी दिएको छ । अस्पतालले जारी गरेको सूचनामा शनिबार र आइतबारबाहेकका दिन कार्यालय समय बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म तोकिएको छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1907733/saturday-and-sunday-off-at-tu-teaching-hospital**

## स्वास्थ्य बीमाका १० वर्ष : ४० प्रतिशतले नवीकरण गरेनन्, २५ अर्ब बक्यौता दबाब

आर्थिक कठिनाइविना सबै नागरिकलाई स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यसहित सुरु गरिएको स्वास्थ्य बीमा कार्यक्रमले १० वर्ष पूरा गरेको छ । तर यो दशकको अवधिमा यो कार्यक्रमले लक्षित सबै नागरिकलाई समेट्न सकेको छैन, भने स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच स्थापना गर्ने लक्ष्य अझै अधुरै छ । नागरिकलाई उपचार खर्चबाट राहत दिन सुरु गरिएको कार्यक्रममै नवीकरण दर घट्दै जानु थप चिन्ताको विषय बनेको छ। १० औं स्वास्थ्य बीमा दिवसको कार्यक्रममा बोल्दै स्वास्थ्य बीमा बोर्डका कार्यकारी निर्देशक डा. कृष्णप्रसाद पौडेलले कार्यक्रम विस्तारमा केही प्रगति भए पनि अझै धेरै चुनौती बाँकी रहेको स्वीकार गरे। बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1907543/10-years-of-health-insurance-40-percent-did-not-renew-25-billion-in-arrears-remain**

## संवैधानिक परिषद्ले कहिले पाउँछ पूर्णता ?

प्रधानन्यायाधीश र संवैधानिक निकायका प्रमुख तथा पदाधिकारीहरूको नियुक्तिका लागि सिफारिस गर्ने निकाय संवैधानिक परिषद्ले पूर्णता पाउन अझै केही समय लाग्ने देखिएको छ । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले संसदीय दलको नेता चयनमा गरिरहेको ढिलाइ र उपसभामुख चयनका लागि निर्वाचन प्रक्रिया सुरू नभएका कारण संवैधानिक परिषद्ले पूर्णता पाउन अझै केही समय लाग्ने देखिएको हो । संविधानको धारा २८४ अनुसार गठित संवैधानिक परिषद्को अध्यक्ष प्रधानमन्त्री हुन्छन्। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1906993/when-will-the-constitutional-council-achieve-perfection**

## पुनर्संरचनाको ऐतिहासिक मोडमा विश्वविद्यालय

नेपालका विश्वविद्यालयहरूमा राजनीतिक हस्तक्षेप सतहमा मात्र होइन, गहिरो संरचनामा गाडिएको छ । त्यसो हुँदा विश्वविद्यालयको क्रमिक सुधार पर्याप्त छैन । एक स्पष्ट, रणनीतिक, विवेकशील र साहसिक 'पुनर्संरचना' को आवश्यकता छ । नेपालको उच्च शिक्षा अहिले गम्भीर संक्रमणको चरणमा छ । विशेषतः त्रिभुवन विश्वविद्यालय जस्तो मुलुककै सबैभन्दा ठूलो र पुरानो विश्वविद्यालयले भोगिरहेको अवस्थाले समग्र उच्च शिक्षा प्रणालीको कमजोर आधारलाई उजागर गरेको छ । विश्वविद्यालयहरू ज्ञान उत्पादन र बौद्धिक नेतृत्वका केन्द्र हुनुपर्नेमा, राजनीतिक प्रभाव र स्वार्थ समूहद्वारा सञ्चालित संस्थाहरूको रूपमा पहिचान बनाइरहेका छन् । बाँकी...

स्रोत : **[https://www.onlinekhabar.com/2026/04/1907592/university-in-a-historic-moment-of-restructuring](https://www.onlinekhabar.com/2026/04/1907592/university-in-a-historic-moment-of-restructuring)**

## भूगोल ठग्ने 'वैकल्पिक' राजनीति : मधेश-कर्णालीमाथि संरचनागत घात

नयाँपनको उत्साह : युवा, शिक्षित र 'जेन-जी' को उदय । २१ फागुन २०८२ को निर्वाचनले नेपाली राजनीतिमा एउटा नयाँ मानक स्थापित गरेको छ। रास्वपाले करिब दुईतिहाइ बहुमत प्राप्त गरेपछि १३ चैत शुक्रबार रामनवमीको दिन बालेन्द्र शाह (बालेन) ले प्रधानमन्त्रीको रूपमा शपथ लिए। बालेनको शपथसँगै देशमा एउटा उत्साहको लहर छ- किनकि यसपटक सत्ताको बागडोर पुराना अनुहारबाट खोसिएर नयाँ, शिक्षित र 'जेन-जी' पुस्ताको हातमा पुगेको छ । बाँकी...

स्रोत : **[https://www.onlinekhabar.com/2026/04/1907039/alternative-politics-that-cheats-geography-structural-attack-on-madhesh-karnali](https://www.onlinekhabar.com/2026/04/1907039/alternative-politics-that-cheats-geography-structural-attack-on-madhesh-karnali)**

## स्थानीय तहको 'सीमा हेरफेर' मा किन ढिलाइ ?

हाल मुलुकमा ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका गरी ७५३ स्थानीय सरकार छन् । संविधानको धारा २९५ बमोजिम गठित स्थानीय तह पुनर्संरचना आयोगको सिफारिस तथा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय (२०७३/७४) का आधारमा स्थानीय सरकार निर्धारण गरिएको हो । ति अन्तर्गतका ६,७४३ वडा कार्यालयहरू समेत सक्रिय रूपमा सञ्चालनमा रहेका छन् । यी संरचनाहरूले स्थानीय लोकतन्त्रलाई नागरिकको घरदैलोमै पुऱ्याउने मात्र होइन, राज्यप्रतिको जनविश्वासलाई थप सुदृढ बनाउने कार्य गरेका छन् । बाँकी...

स्रोत : **[https://www.onlinekhabar.com/2026/04/1906295/why-the-delay-in-border-changes-at-the-local-level](https://www.onlinekhabar.com/2026/04/1906295/why-the-delay-in-border-changes-at-the-local-level)**

## अब गृहमन्त्रालयबाटै देशभर 'लाइभ' निगरानी

देशभरको शान्तिसुरक्षा, अपराध नियन्त्रण र सुरक्षा निकायको कार्यसम्पादनलाई एकीकृत तथा प्रभावकारी बनाउन गृह मन्त्रालयले पहिलोपटक केन्द्रीय कमान्ड प्रणाली (सेन्ट्रल कमान्ड सिस्टम) स्थापना गर्ने भएको छ । यस प्रणालीमार्फत गृह मन्त्रालयले देशभरका जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बलका जिल्लास्थित कार्यालय तथा अन्य सुरक्षा निकायसँग एकैपटक प्रत्यक्ष सम्पर्क कायम गर्नुका साथै तत्काल सूचनाको आदान प्रदान गर्न र महत्वपूर्ण क्षेत्र र स्थानको प्रत्यक्ष अनुगमन गर्न सक्ने छ । बाँकी... स्रोत : **[https://newsofnepal.com/2026/04/09/763128/](https://newsofnepal.com/2026/04/09/763128/)**

## अदालतबाट दोषी ठहर नभई सार्वजनिक गरिने कार्यविरुद्ध सर्वोच्चमा रिट

फौजदारी कसुरको अनुसन्धानका क्रममा पक्राउ परेलगत्तै अभियुक्तहरूलाई तत्काल सार्वजनिक गर्ने र दबाबमा पारी बयान लिने प्रचलनको अन्त्य गर्न माग गर्दै बुधबार सर्वोच्च अदालतमा रिट दायर भएको छ । अदालतबाट दोषी ठहर नभई सार्वजनिक गर्ने कार्यले ती व्यक्तिहरूलाई सधैंका लागि अपराधीको दृष्टिले हेर्ने भयावह स्थिति हुने गरेको भन्दै अधिवक्ता कुमारप्रसाद थपलियाले सो रिट दायर गर्नुभएको हो । सो रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, गृह मन्त्रालय, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालय नक्सालला‍ई विपक्षी बनाइएको छ । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/04/09/763134/**

## सत्ताका खेलाडी बदलिएको वर्ष

वर्ष २०८२ मा नेपाली राजनीतिमा अकल्पनीय बदलाव देखा पर्‍यो । यो वर्ष राजनीतिको शक्तिकेन्द्र नै फेरियो । त्यसको प्रमुख कारण थियो- २३ र २४ भदौको जेन-जी आन्दोलन। जेन-जी आन्दोलनले सरकार र संसद् मात्र विघटन गरेन, पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई कार्यकारी प्रमुख पनि बनायो। सत्ता राजनीतिमा कार्कीको आगमन अप्रत्याशित मात्र थिएन, आकस्मिक पनि थियो । तीन दशकअघिदेखि पालैपालो सत्ता चलाएका नेपाली कांग्रेस, नेकपा (एमाले) र तत्कालीन माओवादी पार्टी जेन-जी आन्दोलनपछि असाधारण संकटमा फसेका छन् । बाँकी...

स्रोत:**https://nepalnews.com/2026/04/08/%e0%a4%b8%e0%a4%a4%e0%a5%8d%e0%a4%a4%e0%a4%be%e0%a4%95%e0%a4%be-%e0%a4%96%**

## चुनौती र अवसरको दोसाँधमा बालेन सरकार

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रतिनिधिसभामा १८२ सिट (दुई सिटले दुईतिहाइ अपुग) सहित सबैभन्दा ठूलो पार्टी बनेको छ। यस्तो चुनावी परिणामले रास्वपा र उसका मतदाता उत्साहित देखिन्छन् । रास्वपाले चुनावी वाचापत्रमा उल्लेख गरेको वाचा पूरा हुने मतदाताको अपेक्षा अस्वाभाविक होइन । लामो कालखण्डसम्म कुनै पार्टीको एकल बहुमत नभएकाले सरकार स्थायी थिएनन् । देशमा अनियमितता बढेको, जनताले सेवा प्रवाहमा झमेला झेल्नुपरेको, सबै तह र क्षेत्रमा भ्रष्टाचार मौलाएको, विकृत राजनीतिक परिपाटी बढेको आदि कारणले गर्दा रास्वपालाई यसपालि एकल बहुमत प्राप्त भएको हो । त्यसैले राजनीतिक विश्लेषकले समेत यो सरकारबाट अपेक्षा राखेका छन् । बाँकी...

स्रोत: **https://nepalnews.com/2026/04/08/** चुनौती-र-अवसरको-दोसाँधमा/

## अल्मलिएका कम्युनिस्ट अब हिंड्नुपर्ने बाटो

नेपालका कम्युनिस्ट नेताहरू विचारले शून्य मात्र बनेका छैनन्, व्यवहारमा पनि भ्रष्ट बन्दै गएका छन् । न विचार छ, न व्यवहार । न त अगाडि जाने ठोस कार्यक्रम नै छ । छ त केवल शून्यता मात्रै । जब कुनै मान्छे कता जाने र के गर्ने भन्नेमै अल्मलिन्छ, त्यहींनेरबाट शून्यता शुरु हुन्छ । नेपालका कम्युनिस्ट पार्टीहरू फागुन २१ को निर्वाचनपछि शून्यवादमा फसेका छन् । अब कहाँ जाने ? के गर्ने ? कम्युनिस्ट नेताहरूमा स्पष्टता छैन । अलमल छ । शून्यता छ । उनीहरूका अगाडि कहालीलाग्दो 'ब्ल्याकहोल' छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1907738/the-confused-communists-now-have-to-walk-the-path**

## सर्वसाधारणलाई सिंहदरबारको ढोका खोल्ने रविको बाचामा बालेन सरकारको कडाइ

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले सिंहदरबार सबैका लागि खुला गर्ने प्रस्ताव राखे पनि उनकै पार्टीको एकल बहुमत सरकारको पालामा थप कडाइ गर्न लागिएको छ। गृहमन्त्री छँदा लामिछानेले सिंहदरबार छिर्न अब कसैलाई चिन्न पर्दैन भनेका थिए। २०८१ जेठमा पत्रकार सम्मेलन गरेर तत्कालीन गृहमन्त्री लामिछानेले भनेका थिए, 'अब सर्वसाधारणले सहजै रूपमा सिंहदरबारको ढोकाबाट प्रवेश गर्न पाउने छन् ।' उनै लामिछानेले गरेको बाचा सर्वसाधारणका लागि लागु हुनु त परको कुरा, कानुन व्यवसायी, सञ्चारकर्मी र अन्य कर्मचारीका लागि समेत प्रवेशमा कडाइ गरिएको छ। बाँकी...

स्रोत : **https://www.ratopati.com/story/555857/balen-government-strict-on-ravis-promise-to-open-singha-durbar-to-the-public**

## राष्ट्रियसभामा जनजाति आयोगको प्रतिवेदन पेस

'आदिवासी जनजाति आयोगको आर्थिक वर्ष २०८१/८२' को वार्षिक प्रतिवेदन राष्ट्रियसभा समक्ष पेस गरिएको छ। सभाको आजको बैठकमा प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले सो प्रतिवेदन सभासमक्ष पेस गरेकी छन्। त्यसैगरी राष्ट्रियसभाको आजको बैठकले सभाका पूर्वसदस्य रामचन्द्र भट्टराईको निधनमा शोक प्रस्ताव पारित गरेको छ । अध्यक्ष नारायणप्रसाद दाहालले सभामा प्रस्तुत गरेको सो प्रस्ताव सभाले सर्वसम्मतिले पारित गरेको हो। बाँकी...

स्रोत : **https://www.ratopati.com/story/555245/report-of-the-tribal-affairs-commission-submitted-to-the-national-assembly-condolence-resolution-passed**

## चलचित्र विधेयक प्रतिनिधिसभामा टेबुल

राष्ट्रिय सभाबाट पारित भएर अगाडि बढेको चलचित्र विधेयक प्रतिनिधिसभामा टेबुल भएको छ । प्रतिनिधिसभाका सचिव हर्कराज राईले राष्ट्रिय सभाबाट यो विधेयक पारित भएर आएको सन्देश मंगलबारको प्रतिनिधिसभाको बैठकमा टेबुल गरेका हुन् । यो विधेयक तत्कालीन सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरूङले २०८२ साल वैशाख १४ गते राष्ट्रिय सभामा दर्ता गरेका थिए। राष्ट्रिय सभाले दफावार छलफल गरेर संशोधनसहित गत माघ २८ गते पारित गरेको थियो। राष्ट्रिय सभाबाट पारित भएर आएको विधेयक प्रतिनिधिसभाले अगाडि बढाउन लागेको हो। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1906758/film-bill-tabled-in-the-house-of-representatives**

## सुहाङ छाडेर बादल छानेपछि एमाले नेता-कार्यकर्ताको आक्रोश छरपस्ट

नेकपा एमालेले युवा पुस्ताका सांसद सुहाङ नेम्वाङलाई छोडेर पाका पुस्ताका रामबहादुर थापा बादललाई संसदीय दलको नेता बनाएसँगै पार्टीभित्र असन्तुष्टि देखिएको छ। संसदीय दलको नेता चयनको विरोधमा एमाले नेता कार्यकर्ताहरूले सामाजिक सञ्जालमा नेतृत्वको आलोचनामात्र गरेका छैनन्, मसाल जुलुस नै निकालेर विरोधमा उत्रिएका छन् । बुधबार एमाले पार्टी कार्यालय च्यासलमा भएको निर्वाचनमा उपाध्यक्ष बादल 'सर्वसम्मत' संसदीय दलको नेता चयन भएका थिए। दलको नेताका लागि युवा सांसद सुहाङ नेम्वाङले आकांक्षा राखेर उम्मेदवारी फाराम भरेपनि अन्तिम समयमा उम्मेदवारी दर्ता नै गरेनन्। बाँकी... स्रोत : **https://www.ratopati.com/story/554346/uml-leaders-and-activists-express-anger-after-leaving-suhang-and-choosing-badal**

## ‘लोकतन्त्र, प्रेस स्वतन्त्रता, संघीयता र नागरिकको सूचना पाउने अधिकारमाथि प्रत्यक्ष हस्तक्षेप’

सरकारले जनताको करबाटै आउने रकममा मनमौजी र चरम विभेद गर्दै सरकारी विज्ञापनहरू निजी मिडियामा रोक्ने गरी ल्याएको विज्ञापन नीतिका विरुद्ध निजी सञ्चारमाध्यम, सञ्चारकर्मी तथा सरोकारवाला क्षेत्रबाट तीव्र विरोध हुँदै आइरहेको छ । सञ्चारविद् र कानुनविद्हरूले पनि त्यस प्रकारको अन्यायपूर्ण निर्णयले कानुनी शासनकै उपहास हुने हुँदा निर्णय सच्याउन सरकारसँग आग्रह गरेका छन् । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/04/12/763565/**

## ‘ट्रोलिङ’ का कारण नागरिकले बोल्न छाडे लोकतन्त्र खतरामा पर्छ : राधेश्याम अधिकारी

उनी भन्छन् पूर्ण समानुपातिक भनेको पार्टीका ‘बोस’ हरूको ‘अथोरिटेरियनिज्म’ लाई बल दिने प्रणाली हो। करिब दुई दशक संसद्‌मा बिताएका वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारी नेपालका एक जना प्रखर सार्वजनिक बौद्धिक हुन् । बाँकी...

स्रोत : **https://ekantipur.com/Interview/2026/04/12/the-current-fear-is-of-self-censorship-democracy-is-in-danger-if-citizens-stop-speaking-out-due-to-trolling-radheshyam-adhikari-42-07.html**

## ‘मुलुकप्रति सधैँ समर्पित रहौँ’

प्रधानमन्त्री वालेन्द्र शाहले मुलुकप्रति सदैव समर्पित र प्रतिबद्ध भई दृढसङ्कल्पसाथ राष्ट्रसेवामा लाग्न नेपाली सेनाका नवप्रवेशी अधिकृतलाई निर्देशन दिनुभएको छ । भक्तपुरको खरीपाटीस्थित नेपाली सैनिक प्रतिष्ठानमा आयोजित अधिकृत क्याडेट तालिमको आयुक्त पद प्रदान कवाज समारोहलाई सम्बोधन गर्दै उहाँले मुलुक र जनताप्रति सदैव प्रतिबद्ध रही समर्पित रहन निर्देशन दिनुभएको हो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/200521**

## दुईदिने बिदाका अवसर

नेपालमा तत्कालीन प्रधानमन्त्री देवशमशेरले शनिबार सार्वजनिक बिदा दिने प्रचलन आरम्भ गरेका थिए । आजसम्म मुलुकमा यसैले निरन्तरता पाएको छ । यसमा क्रमभङ्गताका लागि पटक पटक आइतबारसमेत सार्वजनिक बिदा थपिएका छन् । ती छोटा अवधिमै संशोधन भएका छन् । वर्तमान सरकारले २०८२ साल चैत २३ गते सोमबारदेखि सरकारी कार्यालय र शैक्षिक संस्था बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म सञ्चालन हुने र हप्तामा शनिबार र आइतबार गरी दुई दिन बिदा दिने घोषणा गरेको छ । यसले सार्वजनिक बिदाका विषयमा बहस निम्तिएको छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/200818**

## गृहमन्त्रीद्वारा कुरिनटारस्थित सशस्त्रको विपद् व्यवस्थापन शिक्षालयको निरीक्षण

गृहमन्त्री सुधन गुरुङले चितवनको कुरिनटारस्थित सशस्त्र प्रहरी बल विपद् व्यवस्थापन तालिम शिक्षालयको निरीक्षण गरेका छन् । उनले शनिबार सो तालिम शिक्षालय पुगेर निरीक्षण गरेका हुन् । निरीक्षणका क्रममा मन्त्री गुरुङले त्यहाँका समस्या र विपद् व्यवस्थापनका क्रममा गर्न सकिने कामहरूबारे ब्रिफिङ लिए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1909379/home-minister-inspects-armed-forces-disaster-management-academy-in-kurintar**

## सुरु भयो ई-पेन्सन, ३ लाख लाभान्वित हुने

सरकारले पेन्सन बुझ्नेलाई बैंक धाउनुपर्ने अवस्था अन्त्य गराएको छ । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आज ई-पेन्सन प्रमाणीकरण प्रणाली सुरुवात गरेका छन् । शुक्रबार अर्थ मन्त्रालयमा आयोजित एक कार्यक्रममा उनले महालेखा नियन्त्रकको कार्यालयले तयार गरेको उक्त प्रणाली सुरुवात गरेका हुन् । योसँगै साढे ३ लाख पेन्सनकर्ताको दिक्दारीपूर्ण पेन्सन नवीकरण र बैंक छनोट झन्झट समाप्त भएको छ । सरकारले तिर्नुपर्ने बैंक कमिसन पनि शून्यमा झर्ने मन्त्रालयले जनाएको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1909033/e-pension-launched-3-lakhs-to-benefit**

## सरकारी कार्यक्रममा 'सफ्ट ड्रिंक्स' को सट्टा मही अनिवार्य गर्न माग

नेपाल डेरी एसोसिएसनले सरकारी तथा सार्वजनिक कार्यक्रमहरूमा विदेशी तथा कृत्रिम 'सफ्ट ड्रिंक्स' को सट्टा मही वा लस्सीलाई 'स्वागत पेय' का रूपमा अनिवार्य गर्न सरकारसँग माग गरेको छ । भोलि शनिबारदेखि मनाउन लागिएको 'दोस्रो राष्ट्रिय मही दिवस' का पूर्वसन्ध्यामा एसोसिएसनले विज्ञप्ति जारी गर्दै यस्तो माग गरेको हो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1908850/demand-to-make-soft-drinks-mandatory-in-government-programs**

## म्यानपावरलाई व्यक्तिगत श्रम स्वीकृतिमा कामदार नपठाउन विभागको चेतावनी

वैदेशिक रोजगार विभागले म्यानपावर व्यवसायीलाई व्यक्तिगत श्रम स्वीकृतिमा कसैलाई वैदेशिक रोजगारीमा नपठाउन अनुरोध गरेको छ । कतिपय म्यानपावर व्यवसायीले व्यक्तिगत श्रम स्वीकृतिमा वैदेशिक रोजगारीमा पठाउने गरेको भन्दै विभागले सचेत गराएको हो । 'व्यक्तिगत श्रम स्वीकृति कार्यमा इजाजतपत्र प्राप्त संस्था तथा प्रतिनिधि संलग्न भएको गुनासो प्राप्त भएकोले त्यस्ता कानुन विपरितका कार्य नगर्न अनुरोध गर्दछौं' विभागले भनेको छ । त्यस्ता कार्य गरेको पाइएमा वैदेशिक रोजगार ऐन तथा नियमावली अनुसार कारबाही गरिने चेतावनी समेत दिएको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1908791/department-warns-manpower-not-to-send-workers-on-individual-labor-permits**

## भेटेरिनरीयनलाई मेडिकल डाक्टर सरहको दर्जा दिन माग

'दिगो पशुधन र खाद्य सुरक्षाको लागि स्वास्थ्य मार्ग' नारासहित रुपन्देहीमा १६औं राष्ट्रिय भेटेरिनरी सम्मेलन सुरु भएको छ । नेपाल भेटेरिनरी एसोसियसन (एनभीए) को आयोजनामा रुपन्देहीको मणिग्राममा सुरु भएको सम्मेलनको लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले उद्घाटन गरे । सम्मेलन उद्घाटन गर्दै मुख्यमन्त्री आचार्यले कृषि र पशुपालन नै नेपालको दीगो विकास र आत्मनिर्भरताको मुख्य आधार भएको उल्लेख गर्दै राज्यले किसान र भेटेरीनरी चिकित्सकको महत्वलाई बुझ्न नसकेको स्वीकार गरे । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/04/1909024/demand-to-give-veterinarians-the-same-status-as-medical-doctors**

## पूर्वी नेपालको आकर्षण 'गुफापोखरी'

चारैतिर टल्किएका हिमालहरू, आफ्नै छाया प्रतिबिम्बित गर्ने सुन्दर पोखरी, गुराँसे वनको काखमा सुस्तरी हावाको बेगसँगै छल्किँदै गरेको पोखरी । यी दृश्यले सबैको मन लोभ्याउँछन् । सानो र चिटिक्क परेको गुफा बजार र त्यसको नजिकै अवस्थित गुफापोखरी अहिले पर्यटकहरूको आकर्षणको केन्द्र बनेको छ । तेह्रथुम, सङ्खुवासभा र ताप्लेजुङको सङ्गमस्थलमा रहेको यो पोखरीमा आन्तरिक तथा बाह्य पर्यटकहरू रमाउने गर्छन् । विशेष गरी गुराँस फुल्ने मौसममा यहाँ पर्यटकहरूको घुइँचो लाग्ने गर्छ । चाडपर्व मात्र होइन, वर्षभर नै यहाँ आगन्तुकहरूको कमी हुँदैन । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/04/1909162/gufa-pokhari-the-attraction-of-eastern-nepal**

## २०८२ मा कसरी 'ध्वस्त' भए मधेसवादी दल ?

जेनजी आन्दोलनपछि फागुन २१ गते सम्पन्न प्रतिनिधि सभाको चुनावमा तराई-मधेस केन्द्रित दलहरू पूरै बढारिए । मधेसवादी दलहरूमध्ये कुनै पनि दलले एक सिट पनि जित्न सकेनन् । २०८२ को अन्त्यतिर आएको यो नतिजा मधेसकेन्द्रित दलहरूका लागि सुखद रहेन । वास्तवमा २०८२ को सुरुवातसँगै यी दलहरूको ओरालो यात्रा सुरु भएको थियो । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/556417/how-were-the-madhesist-parties-destroyed-in-2082**

## फेवाताल संरक्षणको नाममा लालपुर्जा भएको जग्गाभित्र पसेर सीमा स्तम्भ गाडियो

फेवाताल संरक्षणका नाममा भइरहेको गतिविधिले वास्तविक भूमिपुत्र र पुर्ख्यौली जग्गाधनीहरूलाई गहिरो पीडामा पारेको छ । फेवातालको किनारमा बस्ने हामी तालका शत्रु होइनौँ । हामी तालसँगै हुर्किएको एउटा सभ्यता हौँ । आज राज्यले हामीलाई नै अतिक्रमणकारीको बिल्ला भिराएर हाम्रा पुर्ख्यौली थातथलोबाट विस्थापित गर्ने प्रपञ्च रचिरहेको छ । फेवातालको सिमाङ्कनको विषय अहिले सबैभन्दा ठुलो विवादको जड बनेको छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/556066/border-pillars-were-buried-inside-land-with-red-papers-in-the-name-of-protecting-fewa-lake**

## तालिमपछि महिलामा बढेको आत्मविश्वास

चार वर्षदेखि इटहरीमा इलेक्ट्रोनिक्स पसल सञ्चालन गर्दै आएकी भावना निरौला अहिले विभिन्न घरायसी विद्युतीय उपकरणहरूको मर्मत कार्यले भ्याइनभ्याइमा छिन् । पहिले उनी मुख्य रूपमा बिक्री र ग्राहक सेवा हेर्थिन् भने श्रीमान् मर्मत र फिल्डको काम गर्थे । तर मर्मत तथा सम्भार तालिम सकेपछि उनको भूमिका परिवर्तन भएको छ । नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कार्यक्रम-नेपालमा दिगो ऊर्जामार्फत पुन : प्राप्ति एवं सशक्तिकरण (रिप ग्रिन) ले सञ्चालन गरेको तालिमपछि आफ्नो दैनिकीमा आएको ठूलो परिवर्तनबारे अनुभव सुनाउँछिन् । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/555260/increased-confidence-in-women-after-training**

## लुम्बिनी प्रदेश सभामा सरकारलाई विभिन्न ध्यानाकर्षण, कसले के भने ?

लुम्बिनी प्रदेश सभाको सातौं अधिवेशन अन्तर्गत छैठौं बैठकमा सोमबार प्रदेश सभा सदस्यहरूले समसामयिक राजनीति, सुशासन, विकास र सेवा प्रवाहका विषयमा सरकारको ध्यानाकर्षण गराएका छन्। बैठकमा बोल्दै प्रदेश सभा सदस्य भोजप्रसाद श्रेष्ठले संविधान कार्यान्वयन, सुशासन प्रवर्द्धन तथा जनअपेक्षा पूरा गर्न सरकार स्पष्ट प्राथमिकतासहित अघि बढ्नुपर्ने बताएका छन् । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/555268/various-attention-was-drawn-to-the-government-in-the-lumbini-provincial-assembly-who-said-what**

## युवा नेतृत्वसँगका आशा र अवसर

मुलुकले अहिले नयाँ नेतृत्व पाएको छ- युवाहरूको। नयाँ नेतृत्वसँगै मुलुक एउटा महत्वपूर्ण मोडमा उभिएको छ, जहाँ दुई दिशा स्पष्ट देखिएका छन्। एउटाले समृद्धिको संकेत गर्छ भने अर्काले अस्थिरताको। विगत तीन दशकका निराशाजनक अनुभवबाट वाक्क भएका नेपाली जनता अब मुलुकमा अस्थिरता चाहँदैनन् भन्ने भर्खरैको निर्वाचन परिणामले स्पष्ट पारेको छ। त्यसैले, अस्थिरताको पाटोबारे थप बहस गर्नु आवश्यक देखिँदैन। तर, अब मुलुकलाई जनताले चाहेको सही दिशामा लैजाने कि नलैजाने एवं जनताको आशा र भरोसा बन्ने कि नबन्ने भन्ने निर्णय गर्ने जिम्मा नवगठित सरकारको काँधमा छ। बाँकी... स्रोत : **https://www.nayapatrikadaily.com/news-details/192609/2026-04-12**

## भादगाउँमा रमाएका विदेशी वास्तुकार

जर्मनीका वास्तुकार (आर्किटेक्ट) हेनरिच मेएर नोभेम्बर १९७५ (मंसिर-पुस २०३२)मा पहिलो पटक नेपाल आएका थिए । राजा वीरेन्द्रको राज्याभिषेकको अवसरमा जर्मनी सरकारले नेपाल सरकारसमक्ष भक्तपुरलाई व्यवस्थित नगर बनाइदिने वाचा गरेको थियो । त्यही वाचाअनुसार भक्तपुर विकास परियोजना (भक्तपुर डेभलपमेन्ट प्रोजेक्ट- बीडीपी) सञ्चालनमा ल्याइएको थियो । मेएर त्यही परियोजनाको जागिरे भएर आएका वास्तुकार थिए । उनकै साथमा आएका थिए, मेएरकी श्रीमती हेइकी मेएर र उनीहरूकी जेठी छोरी । बाँकी...

स्रोत:**https://nepalnews.com/2026/04/12/%e0%a4%ad%e0%a4%be%e0%a4%a6%e0%a4%97%e0%a4%be%e0%a4%89%e0%a4%81%e0%a4%ae%e0%a4%be-**

## आशाको दियो

नेतृत्व लिएको ७२ घण्टा नबित्दै बालेन्द्र (बालेन) शाह नेतृत्व सरकारले २०४८ सालदेखि सार्वजनिक पदधारण गरेका नेता तथा उच्चपदस्थ कर्मचारीको सम्पत्ति छानबिन गर्ने समाचार सुनेपछि मनमा एक किसिमको आशा पलायो । हाम्रो शासनप्रणालीमा इमानदारी योग्यता होइन, अवरोध बन्दै आएको छ । नझुक्ने व्यक्ति 'अनुकूल' हुँदैन । सत्य बोल्नेले मूल्य चुकाउनु परेको छ । हामी यस्तो समयमा बाँचिरहेका छौँ, जहाँ 'अवसर' छोड्नु मूर्खता मानिन्छ । हरेक अवसर स्वीकार गर्नु पर्छ भन्ने हुँदैन । केही अवसरले मानिसलाई माथि होइन, भित्रबाट तल झार्छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/200816**

## पसगाउँमा रैथाने उत्पादन प्रदर्शन

लमजुङको ग्रामीण पर्यटकीय गाउँ पसगाउँमा आयोजित १६ औं पसगाउँ महोत्सवमा रैथाने बालीका उत्पादनदेखि परम्परागत हस्तकलाका सामग्री प्रदर्शन गरिएको छ। लमजुङको क्व्होँलासोथार गाउँपालिका अन्तर्गत पसगाउँमा भएको महोत्सवमा स्थानीय संस्कृतिसँगै घरेलु तथा जङ्गली उत्पादन र गुरुङ जातिले पौराणिक कालदेखि प्रयोग गर्दै आएको हस्तकलाका सामग्री मुख्य आकर्षण रहेका थिए। महोत्सवमा परम्परागत सारङ्गी नाच, घाटु, कृष्णचरित्रलगायत प्रस्तुत गरिएको थियो। बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/200834**

## प्रतिनिधिसभाको प्रथम अधिवेशनद्वारा प्रक्रियागत काम पूरा, आगामी अधिवेशनका निम्ति मार्ग प्रशस्त

तिनिधिसभाको पहिलो अधिवेशनले प्रक्रियागत काम पूरा गरेर आगामी अधिवेशनका निम्ति मार्ग प्रशस्त गरेको छ। अधिवेशनले प्रतिनिधिसभाको सभामुखमा डोलप्रसाद अर्याल र उपसभामुखमा रुवीकुमारी ठाकुर तथा राष्ट्रियसभाको उपाध्यक्षमा लीलाकुमारी भण्डारीलाई निर्वाचित गरेको छ। दुवै सदनको अधिवेशनको अन्तिम बैठकमा संयुक्त र एकल समितिहरूमा सदस्यहरूको मनोनयन गरेको छ। समितिहरूको मनोनयन भएकाले अब ती समितिहरूले आफ्नो सभापति चयन गरी संसदीय गतिविधि अघि बढाइने संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले जानकारी दिए। आउँदो वैशाख ४ गते प्रतिनिधिसभाका समितिहरूका सभापतिको निर्वाचन हुनेछ। बाँकी... स्रोत : **https://equitynepal.com/2026/04/11/78450/**

## देउडा गीत, संगीतको जननी

देउडा गीत हामी सबैका लागि एउटा पवित्र जननी जस्तै हो। यो हाम्रो संगीतको एउटा बलियो जग र मौलिक आँखर हो। नेपाल संगीत तथा नाट्य प्रतिष्ठानका वर्तमान उपकुलपति शम्भु राई हुन्। उनी लोक तथा आधुनिक गायनका निकै पुराना र वरिष्ठ गायक हुन्। उनले पचासको दशकमा एउटा महत्वपूर्ण कुरा व्यक्त गरेका थिए। त्यो बेला उनी पुतलीसडकस्थित श्रद्धा रेकडिङ स्टुडियोमा पुगेका थिए। उनले देउडा अब पश्चिम क्षेत्रको मात्र नरहेको कुरा बताए। देउडाले सेती, महाकाली र कर्णालीको सिमाना सजिलै काटिसकेको छ। अहिले यो मेची र कोशीका पहाडी जिल्लाहरूमा पनि पुग्यो। बाँकी...
स्रोत : **https://annapurnapost.com/story/497829/**

## प्रेरक प्रसंग : दुर्योधनलाई स्वर्ग!

१८ दिनपछि महाभारतको युद्ध समाप्त भयो। सम्पूर्ण कौरव सेना र योद्धा युद्धमा मारिइसकेका थिए। पाण्डवले पनि केही समय शासन सञ्चालन गरेपछि उनीहरू स्वर्गतर्फको यात्राका लागि सबै भाइ हिमालय पुगे। त्यहाँ पुग्दानपुग्दै द्रौपदीसहित सबै भाइ ढले। पत्नी र भाइहरू ढलेपछि युधिष्ठिर मात्र एक्लै स्वर्ग गए। युधिष्ठिर जीवितै स्वर्ग गएका थिए। त्यहाँ उनले स्वर्ग र नरक दुवै देखे। उनले स्वर्गमा प्रवेश गर्नासाथ त्यहाँ आरामसाथ बसिरहेका दुर्योधनलाई देखे। उनले आफ्ना भाइहरूलाई पनि भेटे। बाँकी...
स्रोत : **https://www.nayapatrikadaily.com/news-details/192600/2026-04-12**